# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ३२५ | काठमाडौं | शुक्रबार, ०८ चैत २०८१ | Prabhab National Daily | Friday, March 21, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**उपभोक्ता हकको रक्षा गरौं**

- प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुन्छ,
- गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगे कानून बमोजिम क्षतिपूर्ति पाउनेब्यवस्था छ।

त्यसैले

- उपभोक्ता हकको बारेमा सचेत बनौं,
- उपभोक्ता हकहित रक्षाको लागि एकजुट होऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## राजावादीविरूद्ध एमाले पनि सडकमा



दैलेखका दुल्लुमा जरा अभियानमा जुट्दै एमाले नेता कार्यकर्ता ।

■ जेबी योञ्जन

- माओवादी, नेकपा एस, नेकपा र नेसपापछि सत्ता नेतृत्व दल एमाले राजावादी गतिविधिको विरूद्ध आन्दोलनमा
- देशभर ११ चैतमा एमाले जनप्रदर्शन, गणतन्त्रवादी शक्तिसँग कार्यगत एकतादेखि आन्दोलनमा सहकार्यसम्म
- कांग्रेस र रास्वपाको छैन राजावादीविरोधी कार्यक्रम

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीको दल नेकपा एमालेले राजावादीको बढ्दो गतिविधिविरुद्ध शक्ति प्रदर्शन गर्ने भएको छ । देशभरका सबै वडामा एमालेले शक्ति प्रदर्शन गर्ने निर्णय गरेको हो ।

प्रमुख विपक्षी दल नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, नेपाल कम्युनिस्ट पार्टी (नेकपा) र नेपाल समाजवादी पार्टी (नेसपा)ले राजावादीको गतिविधिलाई निस्तेज पार्नेगरी आन्दोलन घोषणा गरिसकेको पृष्ठभूमिमा एमालेले पनि प्रतिरोधी आन्दोलन घोषणा गरेको हो ।

पार्टी महासचिव शंकर पोखरेलका अनुसार यही ११ चैतमा देशभरका सबै वडामा एमालेको जनप्रदर्शन हुनेछ । हाल जारी जरा अभियानलाई नै जनपरिचालनमा रूपान्तरण गर्न निर्देशन दिइएको पोखरेलले बताए । उनले भने, 'जरा अभियानका कार्यक्रमहरू अब परिचालनतिर केन्द्रित हुनेछ ।'

प्रमुख विपक्षी माओवादीसहितका समाजवादी धाराका शक्तिहरूले राजावादीविरुद्ध काठमाडौंमा यही १५ चैतमा शक्ति प्रदर्शन गर्ने तयारी गरेका छन् । त्यही दिनदेखि राजावादीहरू निरन्तर आन्दोलनमा जाने भएका छन् । यस्तो अवस्थामा एमालेले भने चार दिनअघि (११ चैत)देखि नै शक्ति प्रदर्शन थाल्ने भएको हो ।

यसअघि संसद्देखि राजावादीको गतिविधिलाई एमाले सांसदहरू प्रतिवाद गर्थे । बिहीबार पनि एमाले सांसद सरस्वती सुब्बाले वर्तमान नेपालको संविधानले राजा नचिन्ने र फेरि राजा फर्केर आउने नसोच्न राजावादीहरूलाई चेतावनी दिएकी थिइन् । नेपाली जनताको बलिदानीपूर्ण सङ्घर्षको बलमा शाहवंशीय अन्तिम राजा ज्ञानेन्द्र शाहले घुँडा टेकेको भन्दै २१औं शताब्दिमा कसैले रैती बन्न नचाहेको बताइन् । यसअघि एमाले सांसदहरू रघुजी पन्त, प्रमुख सचेतक महेश बर्तौलालगायत सांसदहरूले संसददेखि प्रतिवाद गरेका थिए ।

अब भने सडकमा पनि एमाले प्रतिवादमा उत्रिने भएको हो । १८ चैतमा जिल्ला-जिल्लामा एमालेले जनप्रदर्शन गर्ने भएको छ । सोही दिन काठमाडौं उपत्यका, कैलाली, सुर्खेत, रूपन्देही, पर्सा र झापामा भने मोटरसाइकल र्‍याली निकालिने महासचिव पोखरेलले जानकारी दिए । उनका अनुसार जनपरिचालनको तेस्रो कार्यक्रम प्रदेश स्तरीय हुनेछ ।

क्रमशः पृष्ठ २ मा

## प्रतिपक्षी कमजोर बन्दा प्रधानमन्त्रीसँगको प्रश्नोत्तर फितलो



■ प्रभाव संवाददाता

- सदनमा प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले प्रश्न सोध्नै चाहेन
- प्रधानमन्त्री ओलीलाई प्रश्न गर्ने १० सांसदमध्ये ६ जना सत्तापक्षबाटै, तीमध्ये ५ जना एमालेकै
- सदनमा प्रश्न नउठेपछि सोल्टी होटल पुगेर प्रधानमन्त्रीले समसामयिक विषयमा सम्बोधन

**काठमाडौं–** राजनीतिक दलको नेतृत्वको कमजोरी देखाउँदै सिंगो व्यवस्थामाथि प्रश्न उठिरहेको बेला प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधि सभामा सांसदहरूको जवाफ दिने कार्यक्रम थियो बिहीबार । तर प्रधानमन्त्री ओलीसँगको बिहीबारको प्रश्नोत्तरमा प्रमुख प्रतिपक्षको उपस्थिति कमजोरी देखिँदा प्रश्नोत्तर कार्यक्रम नै फितलो देखियो ।

प्रधानमन्त्री रोस्ट्रममा जवाफ दिन उभिँदा दश सांसदले प्रश्न सोधे, ती न त समससामयिक थिए न त गहन विषय नै । प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले प्रधानमन्त्रीलाई प्रश्न गर्ने विषय नै पाएन । राजतन्त्रसहितको हिन्दु राष्ट्रको पक्षमा सडकमा उत्रिएको राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि प्रधानमन्त्रीलाई पछिल्लो अवस्थाबारे प्रश्न गर्न चाहेन । बरु प्रश्न गरेका १० मध्ये ५ सांसद ओलीकै दल एमालेका थिए । यसरी प्रतिपक्ष प्रश्नबिहीन बन्दा बिहीबारको प्रश्नोत्तर फितलो भएको संसद सचिवालयकै कर्मचारीहरू बताउँछन् । त्यसो त प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नै सदनमा देखिएनन् । संसद प्रतिपक्षीको भन्दै दाबी गर्ने नेताहरू नै नदेखिँदा प्रधानमन्त्रीसँगको प्रश्नोत्तर फितलो हुने संसद सचिवालयले जनायो ।

प्रश्न सोध्नेमा एमालेबाट विमला सुवेदी, भीमप्रसाद आचार्य, भानुभक्त जोशी, भगवती चौधरी र वासुदेव चौधरी थिए । त्यसैगरी सत्तारुढ दल नेपाली कांग्रेसबाट एक जना विनाकुमारी थनैतले मात्र प्रश्न गरिन् । राजतन्त्रको पक्षमा सडकमा रहेको दल राप्रपाका उपाध्यक्ष बुद्धिमान तामाङले लिपुलेकबारे प्रश्न गरे । 'नेपालको चुच्चे नक्सामा समेटिएको लिपुलेक, कालापानी र लिम्पियाधुरा भ्रमणमा कहिले जानुहुन्छ? भ्रमणको कुनै कार्यक्रम बनेको छ कि ?' तामाङले प्रश्न गरे ।

यता अरु प्रश्न सोध्नमा ३ जना मनिष झा, बिन्दाबासिनी कंसकार र विनिता कठायत रास्वपाबाट थिए । कठायतले पनि राप्रपाकै सांसद तामाङले झैं प्रश्न गरिन् । 'प्रधानमन्त्रीज्यूले चुच्चे नक्सा हामीले ल्यायौं भनेर त धेरै प्रचार गर्नुभयो । तर अझै पनि धारचुलाका मान्छे आफ्नो घर जान भारतको बाटो भएर जानु पर्ने अवस्था छ ?  लिपुलेक लिम्पियाधुराका मान्छेले कहिले नेपालको बाटो प्रयोग गर्न पाउँछन् ?' उनले प्रश्न गरिन् । प्रधानमन्त्री ओलीले ती क्षेत्रमा समय आएपछि भ्रमण जाने भन्दै झारा टार्ने तवरले जवाफ फर्काए ।

### प्रभु साहले गरे बहिस्कार

प्रधानमन्त्रीसँग सांसदको प्रश्नोत्तर कार्यक्रम सांसद प्रभु साहले बहिष्कार गरे । अघिल्लो प्रश्नोत्तर कार्यक्रममा साहले सोधेको प्रश्नको जवाफ प्रधानमन्त्री ओलीले नदिएका कारण साहले कार्यक्रम बहिस्कार गरेका हुन् ।

क्रमशः पृष्ठ २ मा

### 'एयरपोर्टदेखि महाराजगन्जसम्म मार्च गरेको देखियो नि'

सदनमा पछिल्लो अवस्था र आन्दोलनबारे प्रश्न नउठेपछि प्रधानमन्त्री ओली सोल्टी होटलमा आयोजित एक कार्यक्रममा पुगेर सम्बोधन गर्ने कोसिस गरे । नेपाल नगरपालिका संघको ३२ औं वार्षिकोत्सवलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले नेपाली जनता सचेत भइसकेकोले राजतन्त्र नफर्कने दाबी गरे ।

'केही मान्छेलाई भ्रम छ । नेपालमा पनि अरु देशमा जस्तै उथलपुथल हाहाहुहु गरेर केही हुन्छ भनेर । नेपाली जनता पर्याप्त चनाखो छ । लोकतन्त्र मासिने कुरा हुन सक्दैन,' ओलीले भने । उनले राजतन्त्रको समयमा हुने अधिनायकवादबारे धेरैले भोग्न नपाएको उल्लेख गर्दै आहिले प्रश्न गर्दा आफूलाई अचम्म लागेको सुनाए । '४७ सालपछि पहिलो संसदबाटै स्थानीय सरकारलाई स्वयत्त अधिकार दिनुपर्छ भनेर हामीले बोलेका थियौं ।

दरबार हत्याकण्डपछि समाचार वाचकका पछि बन्दुक देखाउनुपर्ने अवस्था आयो । लोकतन्त्र कहाँ बच्यो ? त्यस जमानामा नजन्मेका मान्छे अधिनायकवाद भयो भन्छ । विचराहरूले के हो अधिनायकवाद के हो थाहै छैन,' ओलीले भने । अहिले अधिनायकवाद ल्याउन राजावादी सक्रिय भएको देखिएको उनको भनाइ थियो । 'अहिले हामी डेमोक्रेटिक एरामा छौं । एरपोर्टदेखि महाराजगन्जसम्म त खुल्ला उद्घोषका साथ मान्छेहरू मार्च गरेको देखियो नि,' प्रधानमन्त्री ओलीले भने ।

**सन्दर्भः वैदेशिक रोजगार**

## फेरि चुनावमा होमिंदै वैदेशिक रोजगार व्यवसायी

- चैत २९ मै निर्वाचन हुनेमा विश्वस्त छैनन् व्यवसायी
- संघका अध्यक्ष भण्डारी भन्छन्- ढुक्क हुनु, अब निर्वाचन सर्दैन

■ प्रभाव संवाददाता



**राजेन्द्र भण्डारी**
अध्यक्ष
नेपाल वैदेशिक रोजगार व्यवसायी संघ



**नरेश गेलाल**
अध्यक्षका उम्मेदवार
प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च



**भुवनसिं गुरुङ**
अध्यक्षका उम्मेदवार
नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन

**काठमाडौं–** वैदेशिक रोजगार व्यवसायीहरूबीच फेरि चुनावी माहोल सुरु भएको छ । व्यवसायीहरूको छाता संगठन नेपाल वैदेशिक रोजगार व्यवसायी संघको यसअघि स्थगित निर्वाचनसहितको साधारणसभाको नयाँ मिति सार्वजनिक भएसँगै व्यवसायीहरू निर्वाचनको तयारीमा जुटेका हुन् । यसअघि फागुन २ गते निर्वाचन सम्पन्न गर्ने तयारी भएकोमा अन्तिम समयमा आएर स्थगित गरिएको थियो । निर्वाचन स्थगित गरेपछि संघ नेतृत्व आलोचित बन्दै आएका छन् ।

संघका अध्यक्ष राजेन्द्र भण्डारीले अब तोकिएकै मिति (चैत २९) मा चुनाव हुनेमा ढुक्क हुन आग्रह गरे । उनले प्रभावसँग टेलिफोनमा कुरा गर्दै अब कुनै पनि हालतमा स्थगित नहुने दाबी गरे । यसअघि राजनीति नेतृत्वबाट आएको दबावका कारण अन्तिम समयमा निर्वाचन स्थगित गर्नुपरेको उनले बताए । 'मैलै व्यक्तिगत चाहनाले चुनाव सारेको होइन । नेताहरूको दबाब थियो । अब त्यस्तो अवस्था छैन, चुनाव हुन्छ,' भण्डारीले आश्वस्त पार्ने कोसिस गरे ।

अध्यक्ष भण्डारीले निर्वाचन हुने सुनिश्चित भएको बताइरहँदा व्यवसायीहरू भने २९ चैतमै चुनाव हुनेमा अझै आशंका व्यक्त गर्छन् । भण्डारीकै पार्टीनिकट संगठन नेपाल प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चबाट अध्यक्षको उमेदवार रहेका नरेश गेलालले नै उक्त मितिमा चुनाव नहुने ठोकुवा गरे । उनले असार १७ यता चुनाव हुने कुनै संकेत नदेखिएको प्रभावसँग बताए ।

'अध्यक्षलाई कुर्सी छोड्नै मन छैन । चैतमा हुन्छ भन्ने त नाटक हो । फेरि विभिन्न बहाना बनाएर असारमै पुर्‍याउने निश्चित छ,' गेलालले भने । उनले अबको चुनावमा आफूले जित्ने सुनिश्चित रहेको दाबी  गरे । यद्यपि, चुनाव हुनेमा ढुक्क नहुँदा तत्काल प्रचारप्रसारमा जुट्ने जाँगर नभएको उनले बताए ।

अर्कोतर्फ नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनबाट अध्यक्षको उमेदवार बनेका भुवनसिंह गुरुङ भने चुनाव हुनेमा आशावादी देखिएका छन् । संघले सूचना निकालेर निर्वाचन र साधारणसभाको तालिका, समय, स्थानलगायतको जानकारी गराएकाले चुनाव हुने आशा बढेको उनले बताए । अब भने प्रचारप्रसारमा जुट्ने तयारी रहेको उनको भनाइ छ ।

एसोसिएसनभित्रै उमेद्वार टुंगो लगाउने क्रममा देखिएको असहमति अहिले टुंगिसकेको गुरुङको दाबी छ । आफ्नो पक्षमा मतको रुझान बढी भएकाले आफू विजय हुने उनले बताए । 'म १६ वर्षदेखि यही पेसामा छु । विगतमा के भयो अहिले के भइरहेको छ सबै कन्ठस्थ छ । समयसापेक्ष नीति परिवर्तन गरी व्यवसायको शुद्धीकरण गर्ने उद्देश्यमात्र हो,' उनले भने । आफ्नो अनुभव, एजेण्डा र व्यवसायीको हितका लागि गरेको कामलाई सम्झेर सबैले आफूलाई मत हाल्ने विश्वास उनको छ ।

साधारणसभा हुनुभन्दा २१ दिनअघि सूचना निकाल्नुपर्ने नियमबमोजिम संघले बिहीबार निर्वाचन तथा साधारणसभासम्बन्धी सूचना निकालेर व्यवसायीलाई निर्वाचनसहितको साधारणसभाबारे जानकारी गराएको छ । संघमा ९५० भन्दा बढी व्यवसायी आबद्ध छन् । यसअघि गत फागुन २ गतेका लागि निर्धारण गरिएको साधारणसभा तथा निर्वाचनमा सहभागी हुन ८०० भन्दा बढी व्यवसायीले सदस्यता नवीकरण गराएका थिए ।

क्रमशः पृष्ठ २ मा




# लुम्बिनी प्रचार गर्न नगरप्रमुखहरू अमेरिकामा

अमेरिका- लुम्बिनी क्षेत्रको प्रचारप्रसार गर्न लुम्बिनी सर्किटका नगरप्रमुखहरू अमेरिकाको टेक्सस पुगेका छन् । लुम्बिनी क्षेत्रको पर्यटन प्रबर्द्धन गर्न गैरआवासीय नेपाली संघ अमेरिका, पर्यटन विभागको समन्वय र सहजीकरणमा नगरप्रमुखहरूको टोली अमेरिका आएको हो ।

भ्रमण टोलीले टेक्सस, न्यूयोर्क, भर्जिनिया, मेरिल्यान्ड र वासिङटन डिसीमा अमेरिकी तथा नेपाली समुदायका विभिन्न निकायसँग अन्तरक्रिया, छलफल गर्ने कार्यक्रम रहेको छ । टेक्सस भ्रमणमा रहेको लुम्बिनी परिपथका नगरप्रमुखहरूको टोलीले टेक्ससका राज्यसभाका सांसदहरू, स्थानीय युलेश सिटीका नगरप्रमुख तथा पदाधिकारी, नेपाली समुदायका अगुवासँग छुट्टाछुट्टै अन्तरक्रिया गरेको गैरआवासीय नेपाली संघ अमेरिकाका उपाध्यक्ष तथा पर्यटन विभाग प्रमुख नेत्र पाण्डेले जानकारी दिए ।

टेक्ससस्थित अमेरिकी तथा नेपाली समुदायसँगको अन्तरक्रिया कार्यक्रममा लुम्बिनी क्षेत्रको पर्यटन प्रवर्द्धन, नेपाली धर्म-संस्कृतिको संरक्षण तथा विकासका लागि दीर्घकालीन सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरिएको थियो । यसै सन्दर्भमा टेक्सस राज्यसभाको बैठकले नगरप्रमुखहरूको उपस्थितिमा संकल्प प्रस्ताव पारित गर्दै 'लुम्बिनी एड्भोकेसी डे' समेत घोषणा गरेको छ ।

'हाम्रो भ्रमणको उद्देश्य भगवान गौतमबुद्धको जन्मस्थल लुम्बिनीलाई अन्तरराष्ट्रियस्तरमा चिनाउनु नै हो । भ्रमणका क्रममा हामीले अमेरिकाका स्थानीय नगरपालिकासँग भगिनीसम्बन्ध स्थापित गर्ने, लुम्बिनी क्षेत्रको बारेमा तयार पारिएको जानकारीमूलक सामग्री वितरण गरी अमेरिकी तथा नेपाली नागरिकलाई नेपालको बुद्धभूमि र बुद्ध परिपथका नगरपालिकाको भ्रमणका लागि निमन्त्रणा दिने हो', देवदह नगरपालिकाका प्रमुख ध्रुव खरेलले भने ।

नेपाली समाज टेक्सस, ग्रेटर अष्ट्रिन नेपाली समाज, लुम्बिनी सेवा समाजलगायतका संस्थाले आयोजना गरेको स्वागत तथा भेटघाट कार्यक्रममा लुम्बिनी परिपथका प्रमुखहरूले अमेरिकामा जन्मेका र हुर्केका दोस्रो पुस्तालाई लुम्बिनी भ्रमण गराउन आग्रह गरेका थिए । 'अमेरिकामा जन्मेका र हुर्केका दोस्रो पुस्तालाई नेपालको बारेमा जानकारी छैन । बिदा मनाउन अष्ट्रेलिया, स्वीजरल्याण्ड होइन, नेपालको लुम्बिनी घुम्ने योजना बनाइदिनुस् । यसले दोस्रो पुस्तालाई मातृभूमिसँग जोड्छ । उनीहरूमार्फत अमेरिकी समुदायमा लुम्बिनीको प्रचारप्रसार गर्न सहयोग पुग्छ', कपिलवस्तु नगरपालिकाका प्रमुख सुदिप पौडेलले भने । *रासस*

## पृष्ठ १ बाट क्रमशः

### प्रतिपक्षी...

अघिल्लो प्रश्नोत्तर कार्यक्रममा साहले सोधेको प्रश्नको जवाफ प्रधानमन्त्री ओलीले नदिएका कारण साहले कार्यक्रम बहिस्कार गरेका हुन् । आकस्मिक समयमा बोल्दै सांसद साहले कार्यसूचीबाटै 'प्रधानमन्त्रीसँग प्रश्नोत्तर' कार्यक्रम हटाउन आग्रह गरेका थिए । तर उनको मागको कुनै सम्बोधन भएन । त्यसपछि साहले प्रश्नोत्तर औचित्यहीन भन्दै बहिस्कार गरेका हुन्। प्रधानमन्त्रीबाट जवाफ नआउनु सिंगो संसद्, सभामुखको गरिमामा समेत प्रश्न उठेको साहको दाबी छ।

■■■

### राजावादीविरुद्ध ...

२४ देखि ३० चैतसम्म धनगढी, सुर्खेत, बुटवल, पोखरा, वीरगञ्ज र दमकमा विशेष सभा हुनेछ। राजधानी उपत्यकामा पनि सभा हुने भएको छ । तर, मिति भने टुंगो लगाएको छैन ।

यससँगै राजावादी गतिविधिको प्रतिवादमा एमालेले गणतन्त्र पक्षधरको ध्रुवीकरण-एकतालाई दोस्रो कार्यक्रमका रूपमा अगाडि सारेको छ। त्यसका लागि विपक्षीमा रहेका नेताहरूसँग संवाद गरिने भएको एमाले नेता डा. राजन भट्टराईले जानकारी दिए । तर, ओली-दाहाल सम्बन्ध सुदृढ छैन । यद्यपि, राजावादीको गतिविधिविरुद्ध कार्यगत एकता गर्न पनि ओली तयार रहेको भट्टराई बताउँछन्।

'थुप्रै मुद्दामा सत्ता पक्ष र विपक्षबीच बेमेल होलान् तर व्यवस्था जोगाउने सन्दर्भमा हामी एक ठाउँ उभिएर प्रतिक्रियावादी शक्तिहरूलाई परास्त गर्नैपर्छ । त्यसका लागि सबै गणतन्त्रवादीहरूबीच सहकार्य आवश्यक छ, त्यसका लागि प्रचण्डसँग संवाद अघि बढाउन सम्माननीय प्रधानमन्त्रीज्यूले चाहनुभएको छ,' उनले भने ।

उनले माओवादी, नेकपा एस, नेकपासँगै नेसपाले गर्ने गणतन्त्र रक्षार्थको प्रदर्शनलाई एमालेको सहयोग हुने बताए । विगतमा पनि तत्कालीन राजाको निरङ्कुशताविरुद्ध मिलेरै लडाइँ लडेको र अहिले पनि त्यसरी नै सडकदेखि सदनसम्मै प्रस्तुत भएर राजावादीविरुद्ध सशक्त प्रतिवाद गर्ने उनको भनाइ छ ।

यसबाहेक एमालेले बुद्धिजिवी र नागरिक समाजसँग अन्तर-संवाद गर्ने भएको छ ।

राजावादीले राजतन्त्र र हिन्दुराष्ट्र पुनःस्थापनासँगै प्रदेश खारेजीको एजेन्डा अघि सारेको छ। गत ७ फागुनमा पूर्वराजा ज्ञानेन्द्रले एक भिडियो सन्देश जारी गर्दै देश संकटमा रहेको र अब साथ दिन आग्रह गरेका थिए। त्यसपछि २५ फागुनमा काठमाडौं आउने क्रममा उनको स्वागतमा हजारौं राजावादी सडकमा निस्किएका थिए। गणतन्त्र पक्षधरहरू पनि झस्किएका थिए । यहीबीच ज्ञानेन्द्रको चाहनाअनुसार पूर्वपञ्च नवराज सुवेदीको नेतृत्वमा राजावादीहरू आन्दोलनमा जाने भएका छन् । तर, राजावादी मूल शक्ति राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन समर्थ छैनन्। पूर्वपञ्च केशरबहादुर विष्टले पनि सुवेदीले पनि असहयोग गर्ने भएका छन् । यद्यपि, राजावादीहरूले आन्दोलन गर्ने भएका छन्। राजावादीको आन्दोलनविरुद्ध नै सत्तारुढ एमालेसँगै विपक्षी समाजवादी मोर्चा जाने भएका हुन् ।

तर, कांग्रेस र रास्वपाको शंकास्पद मौनता छ । दुवै दलले राजावादीको आन्दोलनविरुद्ध कुनै प्रतिरोध कार्यक्रम सार्वजनिक गरेका छैनन् । कांग्रेसका केही सांसदहरूले राजतन्त्रको विरोध त गरेका छन् तर संस्थागत रूपमा पार्टीले राजावादीको गतिविधि उभिने निर्णयसम्म गरेको छैन । रास्वपा सांसदहरूले त विरोधसम्म गरेका छैनन् ।

■■■

### फेरि चुनावमा...

तर संघको वर्तमान कार्यसमितिले भवन खरिद, वैदेशिक रोजगार ऐन संशोधनलगायतको काम सकिनै लागेकाले त्यसलाई पूरा गर्ने भनेर संघको निर्वाचन तथा साधारणसभा असार १७ गतेको लागि सारेको थियो ।

बिहीबार जारी सूचनामा छुटेका सदस्यका लागि नवीकरणको म्याद यही चैत १५ गतेसम्म राखिएको छ। बाँकी सदस्यहरू नवीकरणका लागि आउने संघका सचिव अरुण अर्यालले बताए । सूचनामा बत्तीसपुतलीस्थित अनुपम फुडल्यान्डमा विहान ९ बजेबाट साधारणसभा हुने भनिएको छ । संघको ३०औं र ३१औं साधारणसभा तथा आगामी कार्यकालका लागि कार्यसमितिको निर्वाचन पनि सोही दिन हुने छ । साधारणसभाबाट आगामी कार्यकालका लागि नयाँ कार्यसमिति चयन गर्ने छ ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६३/०५/०९ मा दर्ता भएको **प्रा.लि.नं. ४१२५६** को **अर्विट हेण्काफ्ट प्रोडक्सन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/१२/०७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**काठ, दाउरा लिलाम सम्बन्धीको सूचना स्थगित गरिएको सूचना**

मिति २०८१।११।२४ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित काठ, दाउरा लिलाम सम्बन्धीको सूचना बिषेश कारणबस हाललाई स्थगित गरीएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**श्री लौधापानी तिनपोखरी सा.व.उ.स., रैनादेवी छहरा-७, पाल्पा**



**काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

प्रथम पटक सूचना प्रकाशन मिति २०८१/१२/०८

यस सामुदायिक वन उपभोक्ता समूहबाट गत आ.व. मा ढलापडा रूखहरूबाट संकलन भएको साल प्रजातिको गोलिया ३७६.२३ क्यू.फि. काठ लिलाम विक्रि गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री टुडीखेल सा.व.उ.स., तिनाउ-२, पाल्पा**



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०७९/०६/०६ मा दर्ता भएको प्रा.लि.नं. २९९८३० **को आर.एफ.सी टेक्नोलोजीज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/१०/२४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**एनएमबि बैंक लिमिटेड**
**बबरमहल, काठमाडौं फोन नं.: ५३४६१६०**
**हकदाबी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**
**प्रकाशित मितिः २०८१/१२/०८**

यस बैंकको निक्षेपकर्ता श्री मूक्तीनाथ अधिकारीको नाति, श्री लक्ष्मी प्रसाद अधिकारीको छोरा मोरङ्ग जिल्ला, लेटाङ नगरपालीका वडा नं. ०३ बस्ने श्री परशुराम अधिकारीको ७६ वर्षको उमेरमा मिति २०८१/०९/०५ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको एकाघरको श्रीमती तुलसा देवी अधिकारीले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदाबी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदाबी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको श्रीमती तुलसा देवी अधिकारीको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**Belbari Municipality**
**Office Of The Municipal Executive**
**Belbari, Morang**
**Koshi Province, Nepal**

**Invitation For Sealed Quotation**

**(First Published Date: 2025-03-21)**

1. The Belbari Municipality, Morang invites sealed quotations from registered Suppliers for Supply and Delivery of chaff cutter and dairy equipments
2. Eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the PPMO website www.bolpatra.gov.np.
3. Items in the BoQ from No 1 to 5 are non-vatable and they will be evaluated without adding VAT during the evaluation.
4. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

| SN | Contract No | Description | Estimated Amount | Bid document Fee | Bid Security | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | BM/MOR/SQ/G-02-2081-082 | Supply and Delivery of chaff cutter and dairy equipments | Nrs 1385601.66 | Nrs 1000/- | Nrs 35000/- | |

**Chief Administrative Officer**



**वैदेशिक रोजगार विभाग**
**काठमाडौँ**
**दावी विरोधसम्बन्धी सूचना**

*प्रकाशित मिति २०८१/१२/०८ गते*

यस विभागबाट वैदेशिक रोजागर व्यवसाय सञ्चालन गर्न इजाजतपत्र प्राप्त संस्था **श्री AMANA MENPOWER PVT.LTD (इ.प.नं.१७१६/०८१/८२)** को ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. १० मा रहेको कार्यालयको साविकको ठेगाना परिवर्तन गरी काठमाडौँ जिल्ला का.म.न.पा.९ कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।



**बागमती प्रदेश सरकार**
**संस्कृति तथा पर्यटन मन्त्रालय**
**पर्यटन विकास आयोजना, इकाई कार्यालय, काठमाडौंको**
**सवारी साधन भाडामा लिनेसम्बन्धी सूचना !**

*(प्रथम पटक प्रकाशितः २०८१/१२/०८)*

पर्यटन विकास आयोजना इकाई कार्यालय, काठमाडौले आ.व. ०८१/०८२ मा काठमाडौ महानगरपालिका मुकाम रही कार्यालयको कार्यक्षेत्रभित्र पर्ने विभिन्न जिल्लाहरूमा प्रयोग गर्ने गरी तोकिएको शर्तको अधिनमा रही सवारी साधन भाडामा लिने निर्णय गरेकोले इच्छुक फर्म, व्यक्ति वा कम्पनीबाट नियमानुसार खरिद प्रक्रियामा भाग लिनका लागि मिति २०८१/१२/२२ गते कार्यालय समयभित्र यस कार्यालयको प्रशासन शाखामा दरभाउपत्र खामबन्दी गरी दर्ता गरिसक्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यस सूचना सम्बन्धी विस्तृत विवरण र शर्तहरू यस कार्यालयको वेभसाइट https://uoktdp.bagamati.gov.np., सूचना पाटी तथा प्रशासन शाखामा सम्पर्क राखी लिन सकिनेछ ।


## आजको राशिफल




**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com


शुक्रबार, ०८ चैत, २०८१

| | |
|---|---|
| **मेष** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **वृष** | रोकिएका काम सम्पादन हुनेछ । |
| **मिथुन** | सुखद समाचारले उत्साह जगाउनेछ । |
| **कर्कट** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **सिंह** | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| **कन्या** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| **तुला** | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| **वृश्चिक** | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| **धनु** | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **मकर** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| **कुम्भ** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **मीन** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०८ चैत, २०८१ (२१ , मार्च २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३८.२२ | १३८.८२ |
| युरो | १ को | १५१.१२ | १५१.७८ |
| पाउन्ड स्टिर्लङ | १ को | १७९.४९ | १८०.२७ |
| स्विस फ्रैन्क | १ को | १५७.१७ | १५७.८५ |
| अस्ट्रेलियन डलर | १ को | ८८.०५ | ८८.४३ |
| क्यानाडियन डलर | १ को | ९६.७५ | ९७.१७ |
| सिङ्गापुर डलर | १ को | १०३.८० | १०४.२५ |
| जापानी येन | १० को | ९.२३ | ९.२८ |
| चिनियाँ युआन | १ को | १९.१३ | १९.२१ |
| साउदी अरब रियाल | १ को | ३६.८५ | ३७.०१ |
| कतारी रियाल | १ को | ३७.९२ | ३८.०८ |
| थाई भाट | १ को | ४.१२ | ४.१३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.६३ | ३७.८० |
| मलेसियन रिङेट | १ को | ३१.१० | ३१.२३ |
| दक्षिण कोरियन वन | १०० को | ९.५२ | ९.५६ |
| स्विडिस क्रोनर | १ को | १३.७२ | १३.७८ |
| डेनिस क्रोनर | १ को | २०.२६ | २०.३४ |
| हङकङ डलर | १ को | १७.७९ | १७.८७ |
| कुवेती दिनार | १ को | ४४८.८१ | ४५०.७६ |
| बहराइन दिनार | १ को | ३६६.६४ | ३६८.२३ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# खोटाङको मेरुङमा भेटियो दुर्लभ रेडपाण्डा



**खोटाङ (प्रस)–** दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-१० पाथेकाका सामुदायिक वन क्षेत्रमा विश्वमा दुर्लभ मानिएको रेडपाण्डा भेटिएका छन् । रेडपाण्डाको फोटो तथा भिडियो कैद गर्न गएका नगरका टोलीले मेरुङ सामुदायिक वनमा दुर्लभ रेडपाण्डा भेटाएका हुन् ।

नगरपालिकाले आगामी वैशाखमा आयोजना गर्न लागेको रेडपाण्डा तथा थार महोत्सवलाई केन्द्रित गरेर यही चैत १ गतेदेखि वन क्षेत्र प्रवेश गरेको टोलीले चौथो दिन रेडपाण्डा भेटेको हो । रेडपाण्डाको फोटो र भिडियोका साथै रेडपाण्डासम्बन्धी स्थलगत अध्ययन गर्ने उद्देश्यले दिक्तेल रूपाकोट मझुवागढी-६ का वडाध्यक्ष माधव राईको संयोजकत्वमा एक टोली मेरुङ पुगेको छ ।

रेडपाण्डालाई दुई हजार ७८१ मिटरको उचाइमा भेटिएको वडाध्यक्ष राईले जानकारी दिए । उनका अनुसार विभिन्न समूहमा विभाजित भएर खोजी गर्ने क्रममा रुखमा सुतिरहेको अवस्थामा रेडपाण्डा भेटिएको हो । भेटिएको रेडपाण्डा करिब दुई वर्ष छ महिनाको भाले भएको मेरुङ सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष पल्लवसिंह राईले जानकारी दिए । उनका अनुसार उक्त वनमा करिब पाँच वटा रेडपाण्डा हुनसक्ने अनुमान गरिएको छ ।

आकार र तौलको आधारमा रेडपाण्डालाई पाँच प्रकारमा विभाजन गरिने बताउँदै वनमा पाँचै प्रकारका रेडपाण्डा पाउन सक्ने सम्भावना रहेको रेडपाण्डा हेरालु पुष्पलाल गिरीले बताए । नगरपालिकाको कोप्चेसहित अन्य वनमा पनि रेडपाण्डा भेटिने गरेको स्थानीयले बताउँदै आएका छन् ।

रेडपाण्डाले विशेषगरी मालिंगो बाँसको टुसा खान मन पराउने हुनाले मालिंगो भएको क्षेत्रमा बढी भेटिने स्थानीय बताउँछन् । रेडपाण्डा खोजीका लागि टोली संयोजक राईसहित महोत्सव संयोजक, दिक्तेल रूपाकोट मझुवागढ-१० का वडाध्यक्ष मुगाधन राई, १२ नं का वडाध्यक्ष दानबहादुर राईलगायत टोली वन क्षेत्रमा पुगेर अनुसन्धान थालेको वन उपभोक्ता समूहका अध्यक्ष राईले उल्लेख गरे । 'यसअघि क्यामेरा ट्चापमार्फत फेला पर्नु तथा स्थानीयले प्रत्यक्ष भेटिरहेको कुरा सुनाउनुलेसमेत जिल्लाका केपिलासगढी गाउँपालिकाका फेदीसहित माथिल्लो भेगका वन क्षेत्रमा रेडपाण्डा रहेका पुष्टि हुन्छ,' उनले भने ।

जिल्लामा सामुदायिक वन समूहको सक्रियता तथा वनसम्बन्धी विभिन्न परियोजनाको सहकार्यमा रेडपाण्डा संरक्षण अभियान सञ्चालन गरिएको छ । विशेषगरी फेदी क्षेत्रका विभिन्न सामुदायिक वन समूहमा आवद्ध स्थानीय रेडपाण्डाको संरक्षण तथा प्रचारप्रसार अभियानमा जुटेका छन् । फेदीवासीले वन क्षेत्रमा रेडपाण्डा संरक्षण तथा प्रचारप्रसारसम्बन्धी होर्डिङ बोर्ड राख्नका साथै फोटो खिचेर उपलब्ध गराउनेलाई नगद पुरस्कार दिने गरेका छन् ।

नगरपालिकाले गर्ने रेडपाण्डा तथा थार महोत्सवले 'मुन्दुम ट्रेल भ्रमण वर्ष २०२५' थप प्रभावकारी बन्ने र दीर्घकालीन योजना सफल बनाउन मद्दत पुग्ने जनाइएको छ । भ्रमण वर्षअन्तर्गत खोटाङ र भोजपुरका विभिन्न स्थानीय तह तथा संघसंस्थाले विभिन्न महोत्सव आयोजना गर्ने योजना अनुरूप दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाले रेडपाण्डा तथा थार महोत्सव गर्ने तयारी गरेको जनाएको हो ।

भ्रमण वर्षको अवसरमा केपिलासगढी गाउँपालिकामा हनी हन्टिङ तथा गोठस्टे महोत्सव, साकेला गाउँपालिकामा उँधैली-उँभौली साकेला तथा अन्य सांस्कृतिक महोत्सव गर्ने स्थानीय तहहरूले जनाएकाछन्।यस्तै,भोजपुरकोभोजपुर नगरपालिकामा अल्ट्रा म्याराथन तथा माउन्टेन साइक्लिङ, साल्पा सिलिछो गाउँपालिकामा नाछोङ धामी साहित्यिक महोत्सव, षडानन्द नगरपालिकामा रुद्राक्ष महोत्सव, महाकुलुङ गाउँपालिकामा चाकचाकुर महोत्सवलगायतका कार्यक्रम आयोजना गर्ने तयारी गरेका छन् ।


## युएइमा रोजगार
कम्पनी : Careerline for Employment

पूर्व स्वीकृति मिति : २०८१/०९/११  पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/०७  LT. No. 316136  चलानी नं. ६०२३०३००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 50 | 0 | 800 | ३०,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 50 | 0 | 1200 | ४५,०९५ | | | | | | | |
| 3 | Mason (Nepal) | 50 | 0 | 1200 | ४५,०९५ | | | | | | | |
| 4 | Steal Fixer | 50 | 0 | 1200 | ४५,०९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १५ गते (28th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC 1675/080/81
STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com



## युएइमा रोजगार
कम्पनी : COUSINS ENGINEERING COMPANY LLC

पूर्व स्वीकृति मिति : २०८१/१२/०७  LT. No. 320752  चलानी नं. ६०२३४८६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fabricator | 4 | 0 | 1200 | ४५,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Welder | 5 | 0 | 1200 | ४५,०९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १५ गते (28th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

YOUNG MANPOWER PVT.LTD.
Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815 , 4583816
E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np/
Govt. License No. 1047/073/74


## माइग्रेसन हराएको सूचना

मिति: २०८१/१२/०४ गते नयाँ बानेश्वरबाट सुकेधारासम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको +2 को माइग्रेसन तथा अन्य सर्टिफिकेटहरू हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : निराजन शाही
रजिस्ट्रेसन.नं.: ७४७६३४१२०
ठेगाना: रातोपुल, काठमाडौं
सम्पर्क: ९८६३७००१२७

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक ३२३ चैत ६ गते २०८१ मा प्रकाशित **Al Noor Overseas Pvt.ltd** को Lot No. 320590 को Green Coast Fertilizer Company Limited is a One Person Company कम्पनीका विज्ञापनमा कामदारको पद Gen. cleaner/worker हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

Al Noor Overseas Pvt. Ltd
श्रम ईजाजत नं. १०८८/०७३/०७४
Samakhushi-26, Kathmandu, Nepal Phone : +977-4983094, 4960824,
E-Mail : operation.alnoor@gmail.com, mktmp.alnooroverseas@gmail.com, Website : www.alnooroverseas.com

# Harion Municipality
## Office of the Municipal Executive
### Harion (Sarlahi)
### Madhesh Province, Nepal

## Invitation for Bids

**First published date: 2081-12-08**

1. Harion Municipality invites electronic bids from eligible bidders for the procurement of following Construction Work under National competition Bidding (NCB) Procedure.

| Contract Identification No. | Description | Bid Security Amount | Estimated Amount (with VAT) | Bid Validity Period | Remark |
|---|---|---|---|---|---|
| HM/WORK/ NCB- 8/2081/082 | Construction of RCC Bridge Over Chapini Khola Near Ganesh Mandir Harion-04, Sarlahi | 4,70,000.00 | 1,87,71,214.13 | 120 Days | |
| HM/WORK/ NCB- 9/2081/082 | Construction of Truss Building On Third Floor Of Lab Library Block Harion-08, Sarlahi | 1,50,000.00 | 58,62,379.86 | 120 Days | |

2. Eligible bidders may obtain further information and inspect the bidding documents at e-GP system www.bolpatra.gov.np/egp

**Harion Municipality**

# Miklajung Rural Municipality
## Office of The Rural Municipal Executive
### Rabi, Panchthar
### Koshi Province

## Invitation for Online Bid

**IFB No: MRM/NCB/WORKS-04/081/82**

**First Date of Publication: 2081/12/08 (2025 March-21)**

1. Miklajung Rural Municipality, Panchthar invites electronic bids from eligible bidders Under National Competitive Bidding Procedure for procurement of following work.

| SN | Contract ID | Description of Procurement | Bid Security Amount (Rs.) | Estimated Amount | Price for Bid doc | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|
| 1 | MRM/NCB/ WORKS-04/081/82 | Payewa Khola to Limba Krishi Sadak Staronnati | 105000.00 | | 3000\|- | 20-04-2025 until 4:00 PM |

2. Eligible Bidders may obtain further information from PPMO egp system and visit website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८१/१२/०८ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ **(पैतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ ।**

### तपसिल

#### खोलेसिमल, चितवन शाखा

| १. ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग बिभाग, घरेलु तथा साना उद्योग कार्यालय भरतपुर, चितवनमा मिति २०७१/०१/१७ मा प्रा.फ.नं.७२८/०७०/०७१ कायम भई दर्ता रहेको चितवन जिल्ला, जुटपानी गा.वि.स. वडा नं. ०३ स्थित रजिष्टर्ड कार्यालय रहेको **राज कंक्रिट उद्योग ।** **प्रोप्राईटर - राजेश गौली** | १. **तिर्थराज गौली**को नाममा मालपोत कार्यालय, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, जुटपानी गा.वि.स./न.पा. वडा नं. ३ स्थित कित्ता नं. ७२ को क्षे.फ. ६९६७.५१ (व.मी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।<br>२. ऋणी **राज कंक्रिट उद्योग**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक । |

##### व्यक्तिगत जमानीकर्ताहरूको विवरण

| | |
|---|---|
| १. **राजेश गौली**<br>ना.प्र.नं.- ५२२/०४४<br>जारी मिति - २०६०/०४/२६ जि.प्र.का. चितवन<br>बाबु - तिर्थराज गौली<br>बाजे - चिरञ्जीवी गौली<br>स्थायी ठेगाना- चितवन जिल्ला, कालिका न.पा. वडा नं. ०७, चितवन (साविक जुटपानी गा.वि.स. वडा नं.०३)<br>हालको ठेगाना- ऐ.ऐ<br>२. **निराजन गौली**<br>ना.प्र.नं.- ५२०/०४४<br>जारी मिति - २०५५/०४/०१ जि.प्र.का. चितवन<br>बाबु - तिर्थराज गौली<br>बाजे - चिरञ्जीवी गौली<br>स्थायी ठेगाना- चितवन जिल्ला, कालिका न.पा. वडा नं. ०७, (साविक: जुटपानी गा.वि.स. वडा नं. ०३)<br>हालको ठेगाना- ऐ.ऐ<br>३. **तिर्थराज गौली**<br>ना.प्र.नं.- १५५९<br>जारी मिति - २०३८/०२/२१ जि.प्र.का. चितवन<br>बाबु - चिरञ्जीवी गौली<br>बाजे - प्रदास गौली<br>स्थायी ठेगाना- चितवन जिल्ला, कालिका न.पा. वडा नं. ०७, (साविक: जुटपानी गा.वि.स.वडा नं. ०३)<br>हालको ठेगाना- ऐ.ऐ | ४. **दिल कुमारी गौली**<br>ना.प्र.नं.- १५६०<br>जारी मिति - २०३८/०२/२१ जि.प्र.का. चितवन<br>बाबु - लक्ष्मी प्रसाद मैनाली<br>ससुरा - चिरञ्जीवी गौली<br>पति - तिर्थराज गौली<br>स्थायी ठेगाना- चितवन जिल्ला, कालिका न.पा. वडा नं. ०७, (साविक: जुटपानी गा.वि.स. वडा नं. ०३)<br>हालको ठेगाना- ऐ.ऐ<br>५. **खिम कुमारी गौली**<br>ना.प्र.नं.- १०१५/४९७<br>जारी मिति - २०६८/०१/१९ जि.प्र.का. चितवन<br>बाबु - तुलसी प्रसाद शर्मा<br>ससुरा - तिर्थराज गौली<br>पति - राजेश गौली<br>स्थायी ठेगाना- चितवन जिल्ला, कालिका न.पा. वडा नं.०७, चितवन (साविक: जुटपानी गा.वि.स. वडा नं.०३)<br>हालको ठेगाना- ऐ.ऐ |

#### दुलेगौंडा, तनहुँ शाखा

| १ . ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १७ को १(ग) र २ (ग) अन्तर्गत प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालयमा मिति २०७४/०६/०६ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम प्रा.फ.र.नं. ६१९८/०७४/०७५ कायम भई आन्तरिक राजश्व कार्यालय दमौलीबाट मिति २०७४/०६/०६ मा स्थायी लेखा नं. ६०६९९०४७३ कायम भई तनहुँ जिल्ला शुक्लागण्डकी न.पा. वडा नं. ०३ स्थित रजिष्टर्ड कार्यालय रहेको **लाफा एग्रो फार्म ।** | १. **खेम बहादुर थापा मगर**को नाममा मालपोत कार्यालय दमौली, तनहुँमा दर्ता कायम रहेको तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा वडा नं ०४, (साविक दुलेगौंडा गा.वि.स वडा नं. ०७/क) स्थित कित्ता नं १६६ क्षेत्रफल ०-३-०-०)रोपनी भएको जग्गा तथा सो कित्तामा बनेको घर/सम्पुर्ण लिगलगापात समेत । |

##### व्यक्तिगत जमानीकर्ताहरूको विवरण

| | |
|---|---|
| १. **खेम बहादुर थापा मगर**<br>ना.प्र.नं.- १३००<br>जारी मिति - २०३९/०९/१९, जि.प्र.का. तनहुँ<br>बाबु - जित बहादुर थापा मगर<br>बाजे - बलबिर<br>स्थायी ठेगाना- तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा., वडा नं. ०४<br>हालको ठेगाना- तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा., वडा नं. ०४<br>२. **मिना माया थापा**<br>ना.प्र.नं.- ४३-०१-७५-०९५०६<br>जारी मिति - २०७५/११/२९, जि.प्र.का. तनहुँ<br>बाबु - सन्तबिर थापा<br>पति - खेम बहादुर थापा मगर<br>स्थायी ठेगाना- तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा., वडा नं. ०४<br>हालको ठेगाना- तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा., वडा नं. ०४<br>३. **ओम बहादुर थापा मगर**<br>ना.प्र.नं.- १७८९५<br>जारी मिति - २०५२/१२/०५, जि.प्र.का. तनहुँ<br>बाबु - खेम बहादुर थापा मगर<br>बाजे - जित बहादुर थापा मगर<br>स्थायी ठेगाना- तनहुँ जिल्ला, भानुमति गा.वि.स, वडा नं. ०२<br>हालको ठेगाना- तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा., वडा नं. ०४ | ४. **बाल कुमारी थापा मगर**<br>ना.प्र.नं.- ७४८३१<br>जारी मिति - २०६१/०६/२८, जि.प्र.का. तनहुँ<br>बाबु - रिमु थापा मगर<br>पति - ओम बहादुर थापा मगर<br>स्थायी ठेगाना- तनहुँ जिल्ला, दुलेगौंडा गा.वि.स, वडा नं. ०७<br>हालको ठेगाना- तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा., वडा नं. ०४<br>५. **विवेक थापा मगर**<br>ना.प्र.नं.- ४३-०१-७३-०३१२९<br>जारी मिति - २०७३/०४/०५, जि.प्र.का. तनहुँ<br>बाबु - ओम बहादुर थापा मगर<br>बाजे - खेम बहादुर थापा मगर<br>स्थायी ठेगाना- तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा., वडा नं. ०३<br>हालको ठेगाना- तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा., वडा नं. ०४<br>६. **विशाल थापा मगर**<br>ना.प्र.नं.- ४३-०१-७६-०९०९४<br>जारी मिति - २०७६/११/२१, जि.प्र.का. तनहुँ<br>बाबु - ओम बहादुर थापा मगर<br>बाजे - खेम बहादुर थापा मगर<br>स्थायी ठेगाना- तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा., वडा नं. ०४<br>हालको ठेगाना- तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा., वडा नं. ०४ |

#### गैंडाकोट, नवलपरासी (वर्दघाट सुस्तापुर्व) शाखा

| १ . ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| **देवी पौडेल**<br>ना.प्र.नं.- ३६२००५/१८६१<br>जारी मिति - २०६८/०२/२४, जि.प्र.का. नवलपरासी<br>बाबु - कालिदास ढकाल<br>बाजे - डिलाराम ढकाल<br>पति - गुरु प्रसाद पौडेल<br>स्थायी ठेगाना- नवलपरासी जिल्ला, गैंडाकोट गा.वि.स./उ.म.न.पा. वडा नं. ०१,<br>हालको ठेगाना- नवलपरासी (वर्दघाट सुस्तापुर्व) जिल्ला, गैंडाकोट न.पा. वडा नं. ०१, | १. **देवी पौडेल**को नाममा मालपोत कार्यालय कावासोती नवलपरासी (वर्दघाट सुस्तापुर्व) मा दर्ता कायम रहेको नवलपरासी जिल्ला वेनीमणीपुर गा.वि.स. वडा नं. ७ (हाल नवलपरासी (वर्दघाट सुस्तापुर्व) जिल्ला विनयी गाउँपालीका वडा नं. ३) स्थित कित्ता नं. १८२२ र १८२४ को क्षेत्रफल क्रमश: ०-१-१२.५० र ०-६-१९.५० (वि.क.धु) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । |

##### व्यक्तिगत जमानीकर्ताहरूको विवरण

| | |
|---|---|
| १. **गुरु प्रसाद पौडेल**<br>ना.प्र.नं.- १२०५०<br>जारी मिति - २०५६/११/२२, जि.प्र.का. गुल्मी<br>बाबु - लक्ष्मी प्रसाद पौडेल<br>बाजे - गोविन्द उपाध्याय<br>पत्नी - देवी पौडेल<br>स्थायी ठेगाना- गुल्मी जिल्ला, भुर्तुङ्ग गा.वि.स. वडा नं. ०६<br>हालको ठेगाना- नवलपरासी (वर्दघाट सुस्तापुर्व) जिल्ला, गैंडाकोट न.पा. वडा नं. ०१, | २. **सन्दिप पौडेल**<br>ना.प्र.नं.- ३६२००५/५७२६<br>जारी मिति - २०७३/०८/३०, जि.प्र.का. नवलपरासी<br>बाबु - गुरु प्रसाद पौडेल<br>बाजे - लक्ष्मी प्रसाद पौडेल<br>स्थायी ठेगाना- नवलपरासी जिल्ला, गैंडाकोट गा.वि.स./उ.म.न.पा. वडा नं. ०१,<br>हालको ठेगाना- नवलपरासी (वर्दघाट सुस्तापुर्व) जिल्ला, गैंडाकोट न.पा. वडा नं. ०१, |

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# सरकार लोडसेडिङको तयारीमा हो ?

१८ घन्टासम्मको लोडसेडिङ भोगेको नेपाल अहिले उज्यालो नै छ । २०७५ अघि हरेक नेपालीको घरमा लोडसेडिङको कार्यतालिका हुन्थ्यो । बत्ती जानुअघि मैनबत्ती, इन्भर्टर, ब्याकअप तयारी गर्नुपर्थ्यो । जसका कारण दैनिकी जीवन झन्झटिलो थियो । तर जब विद्युत प्राधिकरणमा कुलमान घिसिङ आए, विद्युतको कुशल व्यवस्थापनका कारण एकाएक उज्यालो भयो नेपाल । त्यसैले नै कुलमानलाई उज्यालो नेपालका प्रतीकका रूपमै चिनिन्छन् । कुलमानको यो कदमलाई कसैले भुलेका छैनन् । तर अहिलेका ऊर्जामन्त्री दीपक खड्का कार्यकारी निर्देशक घिसिङलाई हटाउन लागिपरेका देखिन्छन् । घिसिङलाई विभिन्न लञ्छना लगाउँदै खड्काले आफ्नो राजनीतिक जीवनसमेत दाउमा राखेका छन् ।

मन्त्री खड्काले हरेक दिनजसो लोडसेडिङ अन्त्यको श्रेय भारतलाई दिनुपर्ने बताउँछन् । यतिमात्र हैन उनी कुलमान उज्यालोको नायक नभएको दाबी गर्छन् । यही निहुँमा मन्त्रीले अब केही दिनमै लोडसेडिङ हुने बताइरहेका छन् । सदनबाटै लोडसेडिङ हुँदैछ भनेर मन्त्रीले घोषणा गर्दा सांसदहरू भने मौन सुनिन्छन् ।

कार्यविधिअनुसार कुलमानको कार्यकाल अब ४ महिनामात्र बाँकी छ । यसकारणले पनि सरकारले उनलाई पुरस्कृत गरी केही महिनाअघि बिदाइ ससम्मान बिदाइ गर्नुपर्ने हो । तर सरकार जसरी हुन्छ कुलमानलाई निरुत्साहित बनाउँदै दुखद् बिदाइको तयारी गर्दैछ । सुशासनको पक्षधर बताउने नेपाली कांग्रेसकै नेता अहिले ऊर्जामन्त्री छन् । ऊर्जामन्त्रीको अभिव्यक्तिमा नेपाली कांग्रेस मौन सुनिन्छ । सरकारले मन्त्रिपरिषद्बाटै कुलमानलाई स्पष्टीकरणको म्यान्डेट दिइसकेको छ । यता दुबै सदनमा ऊर्जामन्त्री खड्काले विद्युतका कुशल व्यवस्थापकविरुद्ध द्वेषपूर्ण अभिव्यक्ति दिइसकेका छन् ।

पटकपटक फेरिरहने सरकार र दलहरूको प्रवृत्तिका कारण जनता असन्तुष्ट छन् । यही बेला राजावादी र व्यवस्थाविरोधी एक भइरहेको बेला सरकारले एक सरकारी सेवकलाई पटकपटक तडना दिनु अस्वभाविक देखिन्छ । यस्तो व्यवहारले भोलिका दिनमा अवस्था भड्किन सक्छ । त्यसैले पनि राम्रो गर्नेलाई पुरस्कार र नराम्रो गर्नेलाई दण्ड दिन सक्नुपर्छ । तर सरकार भने राम्रो गर्नेलाई दण्ड र भ्रष्टचारीलाई संरक्षण गर्नतिर लागेको देखिन्छ । यो विल्कुलै राम्रो संकेत हैन । के यो सरकारको तयारी लोडसेडिङकै हो ? नभए दैनिक विद्युत प्राधिकरणका कार्यकारी निर्देशकलाई दुःख दिएर कार्यव्यवस्थापन ठप्प पार्न खोज्नु खेदजनक छ ।

श्रम सरोकार

## वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरू:

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।

व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।

- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

# गिरिजाबाबुले नै हो 'राजा' फालेको



■ डा. शोभाकर पराजुली

संकटकालको सुरुआतमै गिरिजाबाबुले औपचारिक-अनौपचारिकरूपमै भनिसकेका थिए, 'अब राजा रहन्नन्' । आखिरमा देशमा राजामात्रै रहेनन्, बरू एउटा 'तन्त्र' नै फेरियो । व्यवस्था परिवर्तनको यो मोड गिरिजाबाबुको राजनीतिक अनि व्यक्तिगत जीवनको अन्तिम 'इनिङ' थियो ।

अहिले पनि गिरिजाबाबुले राजनीतिको मूलबाटोमा ल्याएर हिँडाएका कतिपय राजनीतिक सहयात्रीहरु सत्ता र शक्तिमै छन् । बेलामा उनीहरूले गिरिजाबाबुका बारेमा गुणगान गाउँछन् । तर उनीसँग गरिएका प्रतिबद्धताहरुबाट धेरै पर पुगिसकेका छन् ।

२०६३ साल जेठतिर । जनआन्दोलनको रापताप सेलाइसकेको थिएन । जेठ ४ गते पुनःस्थापित प्रतिनिधिसभाले सारा अधिकारहरू कटौती गरेर तत्कालीन 'राजा' ज्ञानेन्द्र शाहलाई 'निलम्बन' गरेको थियो । राजा निलम्बन अर्थात् 'अधिकारविहीन' भएको अनि राष्ट्रपति नभइसकेको त्यो समय गिरिजाप्रसाद कोइराला नै राष्ट्राध्यक्षको रूपमा थिए । नेपालको राजनीतिक इतिहासमा त्यो पहिलोपटक भइरहेको जहाँ एक सामान्य नागरिक राष्ट्रप्रमुख र सरकार प्रमुख भएर राजकाज चलाइरहेको थियो । विश्व राजनीतिक इतिहासमा पनि त्यो अलि दुर्लभ अनि मौलिक तरिका थियो ।

माओवादीलाई पनि संसदीय राजनीतिमा ल्याउनका लागि गिरिजाप्रसाद कोइराला आफ्नो सारा राजनीतिक जीवन नै दाउमा लगाएका थिए । 'गणतन्त्र'को बटमलाइनबाट टसमस नभइरहेको माओवादी १० वर्षसम्म राज्यविरुद्ध लडेर आएको एउटा विद्रोही राजनीतिक पार्टी थियो । लामो समय हतियार युद्ध लडेको पार्टीलाई सम्हाल्न आफैंमा धेरै चुनौती थिए । त्यसमा पनि 'राजा फाल्ने' विषय भनेको कम्ती चुनौतीपूर्ण थिएन । राजा राख्ने कि नराख्ने भनेर दलहरू आफैंमा विभाजित थिए । माओवादी जसरी भए पनि राजा फाल्ने जिद्दीमा थियो । अरु पार्टीहरू 'हो'मा 'हो' मिलाउँथे । तर सबैले त्यसका लागि 'गिरिजाबाबु' को निर्णय पर्खिरहेका थिए । तर त्यसबारेमा गिरिजाबाबु खुलेर बोलेका थिएनन् ।

त्यसअघि नै माओवादी फस्किसकेको थियो । २०६२ साल कात्तिक ७ गते सात तत्कालीन राजनीतिक दल र सशस्त्र युद्धरत नेकपा माओवादीबीच भएको सात १२ बुँदे समझदारीमा 'निरंकुश राजतन्त्रको अन्त्य' भनेर लेखिएको थियो । त्यो बुँदामा माओवादीका अध्यक्ष पुष्पकमल दाहाललाई मनाउन निकै धौ-धौ भएको थियो । त्यसका लागि गिरिजाबाबुले निकै मिहेनत पनि गरे । दाहालले त 'त्यो हुँदै हुन्न' भनेर सात पटकसम्म संवाद छोडेका थिए । तर गिरिजाबाबुले 'निरंकुश राजतन्त्रको अन्त्य' भनेकै 'राजतन्त्रको अन्त्य' हो भनेर व्याख्या गरे ।

त्यो बेला तत्कालीन जनमोर्चाका अमिक शेरचन र नेमकिपाका नारायणमान बिजुक्छेले भनेका थिए 'गिरिजाबाबुसँग हाम्रा कतिपय असहमति छन् । विचारमा बेमेलहरू होलान् र उहाँले जनता राष्ट्रघातका पक्षमा कहिल्यै सम्झौता गर्नुहुन्न भन्ने विश्वास हामीलाई छ । त्यही आधारमा हामी हस्ताक्षर गर्छौं ।' उनीहरू अहिले पनि जीवितै छन् । सातबुँदे सहमतिमा भने नेमकिपाका प्रेम सुवालले हस्ताक्षर गरेका छन् । ऐतिहासिक शान्ति सम्झौताको प्रस्थान बिन्दु मानिने त्यो १२ बुँदे समझदारीको ३ नम्बर बुँदामा यस्तो लेखिएको छ ।

'देशले आज सशस्त्र द्वन्द्वको सकारात्मक समाधानका साथ स्थायी शान्ति स्थापनाको माग गरेको छ । त्यसैले हामी निरंकुश राजतन्त्रको अन्त्य र उक्त प्रक्रियागत आधारमा आउने संविधानसभाको निर्वाचन र पूर्ण लोकतन्त्र स्थापनाको अग्रगामी राजनीतिक निकासद्वारा देशमा विद्यमान सशस्त्र द्वन्द्वको अन्त्य गरी स्थायी शान्ति स्थापना गर्न दृढ संकल्पित छौं । यस प्रक्रियाद्वारा शान्तिपूर्ण नयाँ राजनैतिक धारमा अघि बढ्न नेकपा (माओवादी) प्रतिबद्धता व्यक्त गर्दछ । यसै सन्दर्भमा निरंकुश राजतन्त्रको अन्त्य पछि हुने संविधानसभाको निर्वाचनको क्रममा माओवादी सशस्त्र शक्ति र शाही सेनालाई संयुक्त राष्ट्रसंघ वा भरपर्दो अन्तर्राष्ट्रिय सुपरीवेक्षणमा राख्ने, निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष ढंगले सम्पन्न गर्ने र निर्वाचनको परिणामलाई स्वीकार्ने समझदारी भएको छ । वार्ता प्रक्रियामा भरपर्दो अन्तर्राष्ट्रिय समुदायको संलग्नतालाई हामी अपेक्षा गर्दछौं ।'

यही बुँदामा उल्लेख गरिएको 'निरंकुश राजतन्त्रको अन्त्य' भन्ने ठाउँमा 'राजतन्त्रको अन्त्य' मात्रै लेख्न चाहन्थ्यो माओवादी । आज पनि त्यही आधारमा २०६२/६३ को जनआन्दोलनको राजतन्त्रकै अन्त्य गर्ने मनसाय थिएन भन्ने भाष्यहरू निर्माण भएका छन् । तर गिरिजाबाबुले त्यो बेला निकै सोची सम्झी त्यो शब्द राखेका थिए । २४० वर्षसम्म अविछिन्न एउटा शासक वर्गकै अन्त्य कम्ता चुनौतीपूर्ण थिएन । देश आन्तरिक 'गृहयुद्ध'ले थिलथिलो भइसकेको थियो । त्यसैले गिरिजाबाबु थप रक्तपात चाहेका थिएनन् । सीधै राजा र राजसंस्थाकै अन्त्य गर्ने भनिएपछि त्यसबाट अनेकथरि प्रतिक्रान्ति हुनसक्थ्यो वा रक्तपात हुनसक्थ्यो । सदियौंदेखि दरबारप्रति बफादार र उत्तरदायी भएर बसेको नेपाली सेनाभित्रै त्यसले विद्रोह पनि निम्त्याउनसक्थ्यो । यद्यपि त्यो बेला अन्तर्राष्ट्रिय समुदाय दलहरूको लोकतान्त्रिक आन्दोलनको पक्षमा थियो । र, पनि त्यसका कयौं आन्तरिक अवशेषहरू थिए । जो राजा र राजसंस्थाप्रति निकै बफादार थिए ।

त्यो समझदारीसँगै माओवादी पनि हतियार बिसाउन तयार भयो । जनआन्दोलनको बेग थाम्न नसकेर राजा ज्ञानेन्द्रले प्रतिनिधिसभा पुनःस्थापनाको घोषणा गरे । त्यही पुनःस्थापित प्रतिनिधिसभाले राजाका सबै संवैधानिक अधिकारहरू कटौती गरिदियो । राजा निलम्बित अवस्थामा पुगे । गिरिजाबाबु राष्ट्राध्यक्षको जिम्मेवारीसहित अन्तरिम सरकारका प्रधानमन्त्री भए । तर 'राजा फाल्ने' कुरामा गिरिजाबाबु निकै समय मौन रहे । थप रक्तपात नहोस् भनेर तत्कालका लागि 'बेबी किङ'को अवधारणामासमेत पुगे । उनी आफैंले त्यो कुरा सुरुमा बोलेनन् । पुत्री सुजाता कोइरालालाई विराटनगरमा उनले त्यो प्रस्तावबारे बोल्न लगाएका थिए । तर तत्कालीन राजा ज्ञानेन्द्रले त्यो प्रस्तावलाई सीधै अस्वीकार गरिदिए । त्यो प्रस्ताव लिएर जाने दरबारका प्रतिनिधिलाई उनले निकै हपारेको कुरा पछि गिरिजाबाबुले सुनाएका थिए । यद्यपि राजतन्त्र राख्ने वा नराख्ने भन्ने कुरा संविधानसभाको पहिलो बैठकले निर्णय गर्ने भनेर संविधानमा लेखिएको थियो । पुनःस्थापित प्रतिनिधिसभाले राजाका उत्तराधिकारीबारे एउटा विधेयक पनि पारित गरिसकेको थियो । जसमा 'राजाका छोरा वा छोरी'मध्ये जसलाई पनि गद्दीको उत्तराधिकारी बनाउन सकिने भन्ने थियो । त्यसैका आधारमा गिरिजाबाबुले 'बेबी किङ'को अवधारणा बनाएका थिए । तर ज्ञानेन्द्रले फेरि उनको प्रस्ताव 'रिजेक्ट' गरिदिए । त्यसपछि नै गिरिजाबाबुले 'इनफ इज इनफ' भन्दै 'अब त हुँदै हुन्न' अर्थात् यी 'राजा रहन्नन्' भनेका थिए । त्यतिमात्रै होइन गिरिजाबाबु र राजा नहुँदैदेखि ज्ञानेन्द्रबीच जहिल्यै तनावपूर्ण सम्बन्ध थियो । त्यसमा व्यक्तिगत, कतिपय पारिवारिक र राजनीतिक विषयहरू पनि थिए ।

२०५८ असार २८ गते भएको 'होलेरी काण्ड'ले ज्ञानेन्द्र गिरिजाबाबुबीच दूरी झन् बढेको थियो । त्यो बेला तत्कालीन माओवादीले नियन्त्रणमा लिएका ७२ जना प्रहरीलाई छुटाउनका लागि सरकारले सेनाको सहयोग मागेको थियो । तर दरबार सेना दिन तयार भएन । त्यसका लागि गिरिजाबाबु पटक-पटक दरबार जाने प्रयास पनि गरे । तर ज्ञानेन्द्रले झुलाइरहे । र, निकै अपमान गरे । त्यो मिसन सफल नभएपछि गिरिजाबाबुले राजीनामा दिए । र, 'ज्ञानेन्द्रको अनुहारै नहेर्ने' भनेका थिए । त्यसपछिका दिनमा लगभग त्यस्तै भयो पनि उनले ज्ञानेन्द्रको अनुहार हेर्नै परेन । जनआन्दोलनबाट फर्किएको संसद्को बलियो सरकारका तर्फबाट पठाएको प्रस्ताव पनि निलम्बित राजाले स्वीकार गरेनन् । त्यसपछि प्रस्ट थियो, गिरिजाबाबु राजसंस्था बचाउने पक्षमा रहेनन् । गिरिजाबाबुले नचाहेको भए देश सायद अर्कै अवस्थामा हुन्थ्यो होला ।

नभन्दै २०६५ जेठ १५ गते संविधानसभाको पहिलो बैठकबाट राजसंस्थाको अन्त्य भयो । र, देश गणतन्त्रात्मक व्यवस्थामा पुग्यो । त्यो एउटा युगको सुरुआत गिरिजाबाबुको राजनीतिक जीवनको सबैभन्दा ऐतिहासिक उपलब्धि पनि थियो । उनी आफैंले त्यो दिन भनेका थिए 'एक जुग एक दिन एकपटक मात्रै आउँछ ।' गोपालप्रसाद रिमालको यो कवितांश गिरिजाबाबुको राजनीतिक जीवनमा एउटा यस्तो बिन्दु बन्न पुग्यो जसले गर्दा जीवनभरि आलोचना गर्ने, गाली गर्नेहरूले पनि 'राजनेता भनेको गिरिजाबाबुजस्तो हुनुपर्छ' भन्ने विम्ब बनाउन थाले । गिरिजाप्रसादको राजनीतिक जीवनको अर्को विम्ब त्यही हो 'कहिल्यै नहार्ने, कहिल्यै नथाक्ने ।' व्यक्तिगत जीवनका सारा पलहरू गिरिजाबाबुले राजनीतिमै बिताए । राजनीतिको त्यति स्पष्ट बाटो, अविचलित यात्रा अनि निर्णयमा दृढता भएको राजनेता अब नेपालमा जन्मिन अझ धेरै वर्ष कुर्नुपर्ने हुनसक्छ । दुनियाँ एकातिर हुँदा पनि उनी आफ्नो निर्णय अनि लक्ष्यमा पुग्ने दृढताबाट कहिल्यै विचलित भएनन् । त्यही नै गिरिजासुत्र थियो । जसले उनलाई नेपालको राजनीतिक इतिहासमा सबैभन्दा अग्लो स्थानमा पुर्‍यायो ।

नेपाली राजनीतिमा कोइराला परिवारको आफ्नै इतिहास छ । राजनीतिक इतिहासका ती पानामा राष्ट्र अनि जनता र प्रजातन्त्रप्रति कोइराला परिवारका संघर्ष, त्याग, समर्पण र बलिदानका कयौं कथाहरू छन् । इतिहासका ती त्यस्ता जिउँदा अक्षर र शब्दहरू हुन्, जसले नेपाली राजनीतिलाई सधैं अग्रदिशा दिएको छन् । देशका हरेक संघर्ष अनि परिवर्तनका मोडहरूमा कोइराला परिवारका अजर पाइलाहरू सधैं देशको राजनीति पछ्याउने पदचाप बनेका छन् । त्यसमध्येका एक गिरिजाबाबु पनि थिए ।

२०५८ मंसिर ११ गते तत्कालीन राजा ज्ञानेन्द्रले देशमा संकटकाल लगाएपछि राजा र गिरिजाबाबुबीचको आन्तरिक लडाइँ सतहमै आएको थियो । दुई शक्तिकेन्द्रबीचका कैयन वैमनस्यहरू एकैपटक छताछुल्ल भएका थिए । ती धेरै राजनीतिक थिए कतिपय पारिवारिक थिए । एक प्रकारले इतिहासको कुनै कालखण्डमा 'दरबार' अनि कोइराला परिवार अलग-अलग 'शक्तिस्तम्भ' रहे । यी दुईबीच सधैं एकप्रकारको टक्कर रहिरहयो ।

दरबार हत्याकाण्डपछि नेपालको राजकीय राजनीतिको विरासतमा एकप्रकारले 'शाही कुण्डली'को पात्रो फेरिएकै हो । त्यसमा पनि राजा ज्ञानेन्द्रको माथमा पलाएको शक्तिको उधुम महत्त्वाकांक्षा आखिरमा त्यो विरासत अन्त्य अनि देशको व्यवस्था परिवर्तनको एउटा 'मुहूर्त' बनिदियो । २४० वर्षदेखि जिउँदो इतिहासको अन्तिम पानामा राजा ज्ञानेन्द्र सिंगो विरासतलाई नै धुमिल बनाउँदै बाहिरिए ।

संकटकालको सुरुआतमै गिरिजाबाबुले औपचारिक-अनौपचारिकरूपमै भनिसकेका थिए, 'अब राजा रहन्नन्' । आखिरमा देशमा राजामात्रै रहेनन्, बरु एउटा 'तन्त्र' नै फेरियो । व्यवस्था परिवर्तनको यो मोड गिरिजाबाबुको राजनीतिक अनि व्यक्तिगत जीवनको अन्तिम 'इनिङ' थियो ।

कृष्णप्रसाद कोइराला भारतको गिरिजादेवी दर्शन गर्न गएका थिए । साथमा उनकी धर्मपत्नी दिव्या कोइराला पनि थिइन् । त्यो बेला दिव्या गर्भवती पनि थिइन् । गिरिजादेवी दर्शनका बेला उनीहरूले एउटा संकल्प गरेका थिए, छोरा वा छोरी जसको जन्म भए पनि उसको नाम 'गिरिजा' हुने छ । 'गिरिजा' शब्दको धार्मिक अर्थ हिमालयकी छोरी अर्थात् 'पार्वती' हो ।

१९९८ असार १८ गते भारतको दीपनगरमा कोइराला परिवारको एउटा हाँगो जन्मियो अर्थात् गर्भको त्यही 'गिरिजा' । त्यो मात्र एउटा कोखको गर्भ थिएन बरु त्यो नेपाली राजनीतिको एउटा यस्तो शिखर बन्यो जसलाई छुनका लागि अझै कैयन् युग पर्खिनुपर्ने हुन्छ । राणा शासनको कोपभाजनमा परेर त्यो बेला कोइराला परिवार नै भारतमा निर्वासित जीवन बिताइरहेको थियो । कृष्णप्रसाद र दिव्या पनि आफ्ना सारा परिवारका साथ भारतमै थिए, हालको विहार सुपौलमा ।

'देशद्रोह' अभियोग भिराएर त्यो बेला निर्वासित गरिएका कृष्णप्रसादहरूलाई राणाहरू फेरि देश फर्किने अनुमति दिए । देश फर्किएपछि उनले आफ्नै ठाउँमा एउटा विद्यालय पनि स्थापना गरे । 'आदर्श' स्कुल देशकै पहिलो हो । त्यहीँ नै गिरिजाबाबुको शिक्षारम्भ भयो । सामान्य शैक्षिक जीवन बिताएका गिरिजाबाबुको राजनीतिक जीवन भने 'अद्वितीय' रहयो ।

किशोरावयले छुँदै गर्दा राजनीतिक चेतले भरि इसकेका गिरिजाबाबु आफ्ना दाजु विशेश्वरप्रसाद कोइराला (बिपी)को राजनीतिक दीक्षाले अझ परिपक्व भइसकेका थिए । विराटनगरको जुट मिलमा एक सामान्य मजदुरका रूपमा सार्वजनिक जीवन सुरु गरेका गिरिजाबाबु त्यही मिलमा भएको एउटा मजदुर विद्रोहबाट राजनीतिको बाटोमा डोरिए । मिल मालिकहरूसँग मजदुरका हकहितका बारेमा आवाज उठाउन थालेपछि त्यहाँका आवाजविहीन मजदुरहरूले उनलाई आफ्नो नेता मानिसकेका थिए । गर्भरचनामा अरु नै भए पनि २००३ साल फागुन २१ गते त्यो मिलमा सुरु भएको मजदुर आन्दोलनको अगुवा गिरिजाबाबु नै थिए ।

यो मिलका मात्रै होइन विराटनगर भरिका हजारौं मजदुर उनकै अगुवाइमा आन्दोलित भए । खासमा मजदुरका हकहितका कुरा उठाइए पनि त्यो आन्दोलन राणा शासकहरूका लागि एउटा चोटिलो झापड बन्यो । त्यही बेलै बिपी, मनमोहनहरूसँगै गिरिजाबाबु पनि गिरफ्तार भए । र, उनीहरूलाई 'अड्डा' सार्दै सार्दै काठमाडौं पुर्‍याइयो । पहिलो पटकमै उनले तीन वर्ष जेल जीवन बिताए ।

कार्यकर्तालाई संगठित राखिरहनसक्ने क्षमता विकास गरिसकेका गिरिजाप्रसादले नेपालमात्रै होइन भारत तथा भुटानमा भएका आन्दोलनहरूमा पनि नेतृत्वदायी भूमिका निभाएका थिए । राणा शासनविरुद्ध २००७ सालमा भएको नेपाली कांग्रेसले सुरु गरेको हतियारसहितको 'जनक्रान्ति'को एक कमाण्डर गिरिजाबाबु पनि थिए । उनकै नेतृत्वमा नेपाली कांग्रेसको 'मुक्ति सेना' दोस्रो प्रयासमा विराटनगर 'कब्जा' गरेको थियो ।

राजाले जेल हालेपछि उनले जेलभित्रै आमरण अनसन गरेका थिए । भारतका महात्मा गान्धीको जीवन र सिद्धान्तबाट प्रभावित भएका गिरिजाबाबु कलिलै उमेरदेखि आफ्नो संकल्पमा यतिसम्म हठी थिए कि त्यसका लागि उनले ज्यानमात्रै होइन 'सबकुछ' दाउमा राख्थे । अन्ततः उनलाई २१ दिनपछि जेलमुक्त गरिएको थियो ।

२०३४ सालमा नेपाली कांग्रेसमा महामन्त्रीको जिम्मेवारी लिएर उनले पार्टीको संगठनलाई निकै सक्रिय बनाए । निर्वासित रहेकै बेला उनले पार्टीको आन्दोलनप्रति अन्तर्राष्ट्रिय समर्थन बलियो बनाइसकेका थिए । २०३७ साल वैशाखमा उन नेपाल फर्किएर फेरि देशभरि पार्टी र संगठनलाई अझ सुदृढ अनि बलियो बनाउने अभियान छेडे ।

जीवनको अन्तिम क्षणमा बिपी कोइरालाले आफ्ना नजिकका मित्रहरूसँग भनेका थिए 'कृष्णप्रसाद भट्टराईको जस्तो नीति, गणेशमानको जस्तो त्याग अनि गिरिजाजस्तो संगठनकर्ता भए नेपाली कांग्रेसकै नेतृत्वमा नेपालमा प्रजातन्त्र चाँडै नै आउने छ ।'

वि.सं. २०३९ सालमा स्वर्गीय भएका महामानव बिपीले भनेजस्तै २०४६ सालको जनआन्दोलनले ३० वर्षे पञ्चायत ढालेको थियो र देशमा फेरि प्रजातन्त्रको उज्यालो छरिएको थियो । त्यसको कमाण्डर गणेशमान, कृष्णप्रसाद र गिरिजाप्रसादहरू नै थिए । २०४७ सालमा कृष्णप्रसाद भट्टराईको नेतृत्वमा नेपालमा प्रजातान्त्रिक संविधान जारी भयो । त्यसपछि २०४८ मा भएको आम निर्वाचनमा गिरिजाप्रसाद कोइराला मोरङ र सुनसरीबाट अत्यधिक मतका साथ विजयी भए र नेपाली कांग्रेसको संसदीय दलको नेता पनि बने । त्यसपछि २०४८ साल जेठ १२ गते उन देशको प्रधानमन्त्री बने । ३० वर्षे पञ्चायतपछि प्रजातन्त्रकालमा चुनाव जितेर प्रधानमन्त्री बन्ने सौभाग्य गिरिजाबाबुको थिए ।

गिरिजाबाबु जति बँचे पूर्ण राजनीतिक जीवन नै बाँचे । सारा व्यक्तिगत जीवनलाई उनले राष्ट्र र प्रजातन्त्रकै लागि समर्पित गरे । अनि त्यसकै खातिर बाँचे । संघर्ष, प्रजातन्त्र अनि राजनीति नै उनको जीवन सिद्धान्त बने । तर राजनीतिक जीवनको सुरुआतदेखि जीवनको अन्त्यसम्म पनि राजनीतिको कोपभाजनले उनलाई पछ्याइरहयो ।

पार्टीभित्रैको आन्तरिक राजनीतिक चक्रदेखि दलीय राजनीतिको व्यूहसम्मको नियतिमा बाँचेका गिरिजाबाबुको एउटा सपना भने पूरा हुनै पाएन त्यो थियो- गणतान्त्रिक मुलुकको राष्ट्रपति । बिथोलिएको त्यो सपनाका पछि देशीय अनि अन्तर ाष्ट्रिय कारणहरू थिए जो बिस्तारै बाहिर आउँदै छन् । बेलाबेला गिरिजाबाबुको सम्झनामा ओकलिने पछुतोहरू त्यसैका परिणाम हुन् । तर जे भए पनि त्यो संक्रमणकालीन अर्थात् अन्तरिमकालमा भने गिरिजाबाबु 'हेड अफ द स्टेट'कै हैसियतमा रहे ।

अहिले पनि गिरिजाबाबुले राजनीतिको मूलबाटोमा ल्याएर हिँडाएका कतिपय राजनीतिक सहयात्रीहरू सत्ता र शक्तिमै छन् । बेलामा उनीहरूले गिरिजाबाबुका बारेमा गुणगान गाउँछन् । तर उनीसँग गरिएका प्रतिबद्धताहरूबाट धेरै पर पुगिसकेका छन् । त्यो बेला गिरिजाबाबु साँच्चिकै देशको पहिलो राष्ट्रपति भएको भए सायद देशको अवस्था अलि फरक हुनसक्थ्यो । देशले अझ राम्रो विकासको गति पाउने थियो । यद्यपि, गिरिजाबाबु विचलित भएनन् । बरु राजनीतिक परिस्थितिका उपजहरूलाई स्वीकार गररै जीवनभरि रहे । गिरिजाबाबुले बाँचेको त्यो निकै अग्लो कद अझ युगीन रहने छ । र, युगौंयुगसम्म गिरिजाबाबु नेपाली राजनीतिको त्यही अग्लो शिखर बनेर नेपालको राजनीतिक इतिहासमा बाँचिरहने छन् । *रासस*

# बिपी राजमार्गको क्षतिग्रस्त खण्ड स्थायीरूपमा पुनर्निर्माण गरिँदै

**काभ्रेपलाञ्चोक–** गत असोज दोस्रो साताको बाढीपहिरोबाट क्षतिग्रस्त बिपी राजमार्गको विभिन्न खण्ड स्थायीरूपमा पुनर्निर्माण गरिने भएको छ । दुई सडकखण्ड पुनर्निर्माणका लागि डिभिजन सडक कार्यालय भक्तपुर र सिन्धुलीले ठेक्का आह्वान गरिसकेका छन् ।

बाढीपहिरोबाट क्षतिग्रस्त भएको पाँच महिनापछि राजमार्ग पुनर्निर्माणका लागि ठेक्का आह्वान गरिएको हो । गत असोजमा रोशी खोलामा आएको बाढीले रोशीदेखि नेपालथोकसम्मको करिब १३ किलोमिटर सडकमध्ये साढे आठ किलोमिटर सडक पूर्णरूपमा क्षतिग्रस्त भएको थियो । त्यसरी क्षतिग्रस्त सडक खण्डको पुनर्निर्माण गर्न चार प्याकेजमा काम गरिने जनाइएको छ ।

क्षतिग्रस्त सडकखण्डमध्ये सिन्धुलीतर्फ भने पहिलो प्याकेजका रूपमा गत फागुन २८ गते 'टेण्डर' आह्वान गरिएको थियो । यसमा नेपालथोकदेखि वर्षेखोलासम्मको सडकखण्ड पर्ने छ । जसका लागि ७२ करोड रूपैयाँमा ठेक्का आह्वान गरिएको हो । यसमा सहभागी हुने कम्पनीले एक करोड ८२ लाख ५० हजार रूपैयाँ सुरक्षण राख्नुपर्ने जनाइएको छ । बाँकी क्षतिग्रस्त तीन प्याकेज सडकखण्ड भने काभ्रेपलाञ्चोकमा पर्ने छ ।

काभ्रेपलाञ्चोकतर्फको क्षतिग्रस्त सडक पुनर्निर्माणका लागि मंगलबार पहिलो टेण्डर आह्वान गरिएको हो । यसतर्फको आठ किलोमिटर सडक (डालाबैँसीदेखि-चारसयाबैँसीसम्म) पुनर्निर्माणका लागि दुई अर्ब ५० करोड रूपैयाँ बजेट छुट्याइएको डिभिजन कार्यालयले जनाएको छ । यसमा आवेदन दिने निर्माण कम्पनीले छ करोड ५० लाख रूपैयाँ 'सेक्युरिटी' बापत राख्नुपर्ने जनाइएको छ ।

गत फागुन ६ गते अर्थ मन्त्रालयले बिपी राजमार्ग पुनर्निर्माण गर्न आठ अर्ब ५० करोड रूपैयाँ स्रोत सहमति दिइसकेको छ । त्यसपछि आवश्यक प्रक्रिया पूरा गरेर बोलपत्र आह्वान गरिएको डिभिजन सडक कार्यालयका प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुमन योगेशले जानकारी दिए । उनका अनुसार काभ्रेपलाञ्चोकतर्फको बाँकी दुई टेण्डर पनि भक्तपुर कार्यालयले क्रमशः आह्वान गर्ने छ ।

सिनियर डिभिजनल इञ्जिनियर योगेशका अनुसार दुई वर्षमा निर्माण सक्नेगरी तयारी भइरहेको छ । ठेक्का आह्वान गरिएका सडकखण्डमा ३० दिनसम्ममा आवेदन दिन सकिने छ । प्राविधिक र आर्थिक मूल्यांकन सकिएपछि करिब दुई महिनामा ठेक्का सम्झौता हुने छ । पुनर्निर्मित सडकमा आसपाल्ट कंक्रिटसहित दुई लेनको सडक हुने सिनियर डिभिजनल इञ्जिनियर योगेशले यागेशले बताए । यसअघि 'इन्टरमिडियट लेन'को सडक थियो ।

उक्त राजमार्गअन्तर्गत क्षतिग्रस्त सडक स्थायीरूपमा निर्माण हुनुअघि आउँदो वर्षायाममा सडकमा नियमित यातायात सञ्चालनका लागि अस्थायी मर्मत कार्य भइरहेको छ । तीन साताअघि सुरु गरिएको यस कार्यलाई तीव्रता दिइएको छ । डिभिजन कार्यालयले राजमार्गअन्तर्गत क्षति पुगेको नमोबुद्ध नगरपालिकाको चौकीडाँडादेखि काभ्रेपलाञ्चोक र सिन्धुलीको सीमास्थल नेपालथोकसम्मको अस्थायी मर्मत कार्यलाई तीव्र पारिएको जनाएको छ ।



बाढीले काभ्रेपलाञ्चोकको रोशी क्षेत्रमा ठूलो क्षति पुऱ्याएकाले सोही क्षेत्रलाई प्राथमिकता दिई मर्मत कार्य भइरहेको जनाइएको छ । हाल लोडर र डोजर प्रयोग गरी सडक मर्मतको कामलाई तीव्रता दिइएको छ । सिनियर डिभिजनल इञ्जिनियर योगेशका अनुसार हाल बगरमा गरिएको डाइभर्सन तथा सडकको पुरानै स्थानलाई अवस्था हेरी दुईदेखि तीन मिटरसम्म ग्राभेल भरेर उठाउने तथा अप्ठ्यारो स्थानमा जाली भरेर उचाइ बनाउन थालिएको हो ।

क्षतिग्रस्त सडक चौडा पार्ने, सम्याउने तथा ग्राभेल भेरेर रोशी खोलालाई गहिऱ्याएर खोलाको सतहभन्दा करिब तीन मिटर उचाइ बनाउने काम भइरहेको छ । कूल १३ किलोमिटर क्षतिग्रस्त सडकमध्ये पहिलो चरणमा आठ किलोमिटर मर्मत गरिने छ भने बाँकीको थप मर्मतका लागि योजना बनाइने छ । बाढीले रोशी किनारको सडकको अधिकांश भाग बगाएको थियो ।

राजमार्गको धुलिखेल-नेपालथोक र नेपालथोक-खुर्कोट सडकखण्ड अस्थायी रूपमा मर्मतका लागि सरकारले २१ करोड २५ लाख रूपैयाँ बजेट विनियोजन गरेको छ । बजेट कार्यान्वयनका लागि कामको 'डिजाइन' भइरहेको र डिजाइन सकिएपछि लागत विवरण बनाएर स्थायी रूपमा पुनर्निर्माण गर्न ठेक्का प्रक्रियामा जाने सिनियर डिभिजनल इञ्जिनियर योगेशले बताए । हाल काठमाडौंबाट रामेछाप, सिन्धुलीलगायत पूर्व जाने यातायातका साधन खोलाको बगरमा रहेको कच्ची सडक प्रयोग गरिरहेका छन् ।

## बाँदर आतंकले बसाइँसराइ बढ्दा बस्ती नै खण्डहर

**भोजपुर–** बाँदरको समस्याका कारण भोजपुर मानेभञ्याङका स्थानीयले गाउँ छाड्दा बस्ती नै खण्डहरमा परिणत भएको छ । रामप्रसाद राई गाउँपालिका-५ पर्ने यो स्थानका स्थानीयवासीले बसाइँसराइ गर्दा बस्ती खण्डहरमा परिणत भएका हुन् ।

डेढ दशकको अवधिमा यो क्षेत्रबाट करिब १५० घरपरिवार अन्यत्र जाँदा बस्ती नै खण्डहर बनेको स्थानीयवासी तथा भानुभक्त प्राथमिक विद्यालयका प्रधानाध्यापक प्रकाश पराजुलीले बताए । मुख्यरूपमा बाँदर र पानीको समस्याले बसाइँसराइ बढ्दा अर्चले, भोर्लेनी, दमाइछाप, गुराँसे राणागाउँ, थाक्ले र मोहोरीय बस्ती खालीझैं बनेको उनले बताए । सविकको वडा नं ८ र ९ पर्ने यी क्षेत्रबाट ९८ प्रतिशतको हारहारीमा मानिसले गाउँ छाडेर अन्यत्र गइसकेको उनले बताए ।

अर्चले गाउँका जम्मा ३५ घरमा अहिले दुई घर, भोर्लेनीका ३३ घरमध्ये तीन घर, दमाइछापमा ८० घरमध्ये ४० घर र थाक्लेमा २५ घर रहेको बस्तीमा अहिले दुई घरमात्र रहेको उनले बताए । त्यस्तै गुराँसे, राणागाउँमा ६५ घर रहेकामा अहिले ३५ र मोहोरियामा ८० घरपरिवारमा अहिले ३५ घरपरिवारमात्र बाँकी रहेको शिक्षक पराजुलीले बताए । 'स्थानीयले गाउँ छाड्दा मानेभञ्याङका धेरै बस्ती खण्डहर बनेको अवस्था छ,' शिक्षक पराजुलीले भने, 'मुख्यरूपमा बाँदर र पिउने पानीको समस्याका कारण मानिस अन्यत्र गइरहेका छन् । बाक्लो मानव बस्ती रहेका धेरैवटा गाउँ खण्डहर बनेका छन् ।'

विगतमा आफूले अध्यापन गराइरहेको भानुभक्त प्राथमिक विद्यालयमा ३०० का हारहारीमा विद्यार्थी हुने गरेको भए पनि अहिले ५० जनामात्र रहेको उनले बताए । 'गाउँघरमा सडक बिजुलीलगायत विकासको क्षेत्रमा काम भइरहेको छ,' उनले भने, 'मानिस बस्ती छाडेर अन्यत्र गइरहेका छन् । तल्लो भेगका मानिसले बस्ती छाडिदिँदा माथिल्लो भेगमा बाँदरले दुःख दिन थालेको अवस्था छ । यसरी नै बाँदरको उपद्रो बढ्ने हो भने पूरै गाउँ खाली हुने अवस्था छ । राज्यले किसानको मुख्य समस्याका रूपमा रहेको बाँदर नियन्त्रणमा ध्यान दिन आवश्यक छ ।'

बाँदरको समस्याले किसानलाई हैरान बनाएको अर्चलेका स्थानीयवासी जगतकुमार तामाङले बताए । खाली रहेको बस्तीको एक घरमा अहिले ठेक्कामा बस्दै आएको उनले बताए । अर्चलेमा आफूसहित अहिले दुई घरमात्र रहेको उनको भनाइ छ । बाहिर गएकाहरूले घरजग्गा बिक्री नगरी त्यत्तिकै छाडिएकाले संरक्षण अभावमा ती घर पनि भत्किन थालेको उनको भनाइ छ । 'म पनि यहाँ अर्काको घरमा ठेक्का बसेको छु,' उनले भने, 'यहाँका सबै घर बिक्री नगरी त्यत्तिकै छाडिदिँदा भत्किएर खण्डहर बनेका छन् । मानिस बस्ती छाडेर हिँड्दा उर्वरभूमि बाँझिएको छ । यहाँका जम्मा ३५ घरमा अहिले दुई घरमात्र छौं ।'

सबैले छाडेको बस्तीमा बस्दा जीवन निर्वाह गर्न निकै कठिन रहेको उनको भनाइ छ । बस्ती खाली भएको कारण बाँदरले झनै दुःख दिने गरेको उनले बताए । सबैले बस्ती छाडेका कारण विद्युत् विस्तार हुने नसकेको उनको भनाइ छ । स्थायी रूपमा बसोबास गर्ने मानिस नै नहुँदा विद्युत् विस्तारमा पनि समस्या भएको छ ।

राज्यले बाँदर नियन्त्रणसँगै खाली रहेका बाँझो जमिनलाई प्रयोगमा ल्याउने खालका कार्यक्रम नल्याएको खण्डमा यस्ता धेरै बस्ती खण्डहर बन्ने अवस्था रहेको तामाङले बताए । बाँदरका कारण नै धेरै किसानलाई समस्या रहेको उनी बताउँछन् । *रासस*


**चल सम्पती लिलाम बिक्रि सम्बन्धी ७ दिने गोप्य सिलबन्धी सूचना**

यस लालीगुराँस बचत तथा ऋण सहकारी संस्था लि. धनी र श्री अर्जुन सुवेदी ऋणी भएको तपसिलमा उल्लेखित गाडि जे जस्तो अवस्थामा छ तेही अवस्थामा गोप्य शिलबन्धी द्धारा लिलाम बिक्रि गर्न ७ दिने सूचना प्रकाशित गरेको छ । यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०८१/१२/१५ गते उक्त दिन सार्वजनीक विदा परेमा विदाको दिनको भोलीपल्ट १ बजे देखी ४ बजे सम्म संस्थाको कार्यालयमा प्रस्तावकको रोहोवरमा खोलीनेछ । लिलाम बिक्रीमा सबै भन्दा बढी रमक कबोल गर्ने व्यक्तिको नाममा बिक्रि गरीनेछ ।

तपशिल

| मोडल नं | च्यासिस नं. | इन्जीन नं. | दर्ता नं. | गाडिको कम्पनी |
|---|---|---|---|---|
| Scorpio s4 222wd | MA1TA2SJXJ2B26101 | SJJ4B22754 | Ba 19 Cha 2580 | Mahindra& Mahindra |

१) अधिकतम अंक कबोल गर्ने व्यक्ति लाई चल सम्पती (गाडी) लिलाम बिक्रि गरीनेछ । यसरी गोप्य शिलबन्धी खोली अधिकतम अंक बोल्ने व्यक्तिले १० % रकम उसै दिन दाखिला गर्नु पर्ने छ ।
२) लिलाम बिक्रि गर्ने निर्णय भएको ३ दिन भित्रमा बाँकी ९०% रकम चुक्ता नगरे उक्त धरौटी रकम फिर्ता हुने छैन ।
३) लिलाम बिक्रि सम्बन्धी अन्तीम अधिकार यस संस्थामा निहित रनेछ ।
४) अन्य कुनै कुरा बुझ्न वा जानकारी लिन परेमा संस्थाको फोनमा फोन गरी वा कार्यालय अवधीमा कार्यालय उपस्थित भई बुझ्न सकिनेछ ।

**लालीगुराँस बचत तथा ऋण सहकारी संस्था लि**
म.थि.न.पा ५ राधे-राधे भक्तपुर फोनं. ०१-६६३७७०४,६६३७८२९

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
**चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान**
**राष्ट्रिय ट्रमा सेन्टर**
महांकाल, काठमाडौं

**आर्थिक प्रस्ताव खोल्नेसम्बन्धी सूचना**

(सूचना प्रकाशित मिति : २०८१/१२/०८)

यस सेन्टरबाट प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार ई-बिडिङ्ग मार्फत दर्ता हुन आएका बोलपत्रहरूको प्राविधिक प्रस्ताव (Technical Bids) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ 'ज' को उपनियम ४ वमोजिम मूल्याङ्कन हुँदा तपसिलका बोलपत्रदाताको प्राविधिक प्रस्ताव सारभूतरूपमा प्रभावग्राही देखिएकोले सोही नियमको उपनियम (५) वमोजिम मिति २०८१/१२/१५ गते दिनको २:०० बजे यस सेन्टरमा आर्थिक प्रस्ताव खोलिने हुँदा सफल बोलपत्रदातालाई आधिकारिक पत्र सहित उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

१. **आर्थिक प्रस्ताव खोलिने बोलपत्रदाता** : (IFB No. NTrC/G/NCB/19-081/82/The Procurement of Supply and Delivery of Oxygen Related Goods)

1. Daju Bhai Suppliers and Surgical Enterprises, Baneshwar, Kathmandu.

प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट

**कतारमा रोजगार** कम्पनी : ALALAM AL JADEED COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१०/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/०७ | LT. No. 318196 | चलानी नं. ६०२३२४३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 8 | 0 | 1000 | ३७,८६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Receptionist (Female) | 0 | 2 | 1100 | ४१,६५५५ | | | | | | | |
| 3 | Sales Supervisor | 0 | 2 | 3000 | १,१३,६०३ | | | | | | | |
| 4 | Sales-Man | 1 | 0 | 1300 | ४९,२२८ | | | | | | | |
| 5 | Store Keepers | 3 | 0 | 1900 | ७१,९४९ | | | | | | | |
| 6 | Supervisor | 0 | 2 | 3000 | १,१३,६०३ | | | | | | | |
| 7 | Supervisor-Sala Area | 3 | 0 | 3000 | १,१३,६०३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८१ चैत १५ गते (28th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 290/059/60
NEPAL PLACEMENT AGENCY PVT. LTD.
Shuberna Shamsher Marg, Ward No. 4, Baluwatar, Kathmandu, Nepal
Tel: +977-1-4531239, 4532999, Email : info@npajobs.com, Web : www.npajobs.com

**बहराइन/युएइमा रोजगार** कम्पनी : JABAL AL MAHRA SECURITY SERVICE

पूर्व स्वीकृति मिति : २०८१/१२/०६ | LT. No. 320728 | चलानी नं. ६०२३४८५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard/guard | 20 | 0 | 1250 | ४६,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Sky High Scaffolding & Construction W.L.L.

पूर्व स्वीकृति मिति : २०८१/१२/०७ | LT. No. 320729 | चलानी नं. ६०२३४८६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 150 | ५४,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Scafolder | 21 | 0 | 120 | ४३,९४० | | | | | | | |
| 3 | Supervisor | 2 | 0 | 200 | ७३,२३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८१ चैत १५ गते (28th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**त्रिकोण ईन्टरनेशनल ओभरसिज प्रा.लि.**
श्रम इजाजत नं. ५५०/०६२/०६३
रानीबारी, सामखुसी, काठमाडौं, नेपाल, फोन नं. ४३८१८३८, ४३५५६०२, ९८०१००४३८४

**नेपाल नागरिक उड्डयन प्राधिकरण**
**पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, पोखरा**

**बोलपत्र आव्हानको सूचना**

**दोस्रो पटक सूचना प्रकाशन मिति:२०८१/१२/०८**

साविकको पोखरा विमानस्थल(फेवा टावर)को ईनगेट पश्चिम तर्फ रहेका सटरहरुको एकमुष्ठ रुपमा बढाबढ प्रकृयाद्धारा ठेक्का बन्दोबस्त गरी बहालमा लगाउनुपर्ने भएकोले नेपाल सरकारको सम्बन्धित निकायबाट इजाजत प्राप्त गरेका इच्छुक व्यक्ति/संस्था/फर्म/कम्पनीले प्रचलित कानूनको अधीनमा रही बोलपत्र पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सूचनाको विस्तृत विवरण नेपाल नागरिक उड्डयन प्राधिकरणको वेवसाईट www.caanepal.gov.np र यस कार्यालयको वेवसाइट www.pia.caanepal.gov.np मा उपलब्ध छ ।

**तपशिल**

| सि. नं. | विवरण | बोलपत्र फारम दस्तुर (पछि फिर्ता नहुने) | न्युनतम ठेक रकम ५ (पाँच) बर्षका लागि | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति |
|---|---|---|---|---|---|---|
| १. | साविकको पोखरा विमानस्थल(फेवा टावर)को ईनगेट पश्चिम तर्फ रहेका सटरहरु बहालमा दिने । | रु.३३९०/- (मूल्य अभिवृद्धि कर सहित) | रु. ४९,५२,२००/- (अक्षरेपी: उनन्पचास लाख बाउन्न हजार दुई सय रुपैया मात्र) | सूचना प्रकाशित भएको मितिले २१(एक्काईस) औ दिनको कार्यालय समय भित्र | सूचना प्रकाशित भएको मितिले २२ औ दिनको १२:०० बजे भित्र | सूचना प्रकाशित भएको मितिले २२ औ दिनको १४: ०० बजे |

**CIVIL AVIATION AUTHORITY OF NEPAL (CAAN)**
**Gautam Buddha International Airport Civil Aviation Office**
**Siddharthanagar 04, Rupandehi**

**Re-Invitation for Sealed Quotation**

**Date of publication: 2081/12/08**
**Phone No: 977-71-597030Email:gbairportoffice@gmail.com**

1. The Gautam Buddha International Airport Civil Aviation Office, Sidhharthanagar, Rupandehi invites sealed quotation from eligible bidders for the procurement of following:
   **I." Supply and delivery of fire entry suits,SQ-06/GBIA/081-82 " (Re-invitation)**
2. Eligible bidders may obtain further Information and inspect the bidding documents at http://www.bolpatra.gov.np/egp.
3. Any additional matters not covered by this shall be in accordance with the prevailing Procurement Act, 2063 and Procurement Regulation, 2064.

**Chainpur Municipality**
**Office of The Municipal Executive**
Chainpur, Sankhuwasabha
Koshi Province, Nepal

**Invitation for Online Bids**

**Date of Publication : 2081/12/08 (21 March 2025)**

1. The Chainpur Municipality invites online bids for construction of the following.

| Contract No | Name of Project | Estimated Amount (Without Vat) | Bid Security Amount | Bid Fee |
|---|---|---|---|---|
| CM/NCB/ SQG/08/081/082 | Procurement of HDPE Pipe for different wards. | 10,39,775.00 | 30,000.00 | 1,000.00 |
| CM/NCB/ W/15/081/082 | Repairing of ward-3 Pokhari (Trichwok) to Thampokhari Road. | 58,42,444.00 | 1,70,000.00 | 3,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at www.bolpatra.gov.np/egp.
3. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# प्रभाव दैनिक





## सुगमको 'निलो गहिरो' सार्वजनिक

गायक सुगम पोखरेलको नयाँ गीत 'निलो गहिरो' सार्वजनिक भएको छ । गायक सुगमको अलवा नरेश देव पन्तको शब्द रहेको गीतमा सङ्गीत पनि सुगमकै छ । गीतको सङ्गीत संयोजन एन.एक्स मक्सको हो । गीतको भिडियोमा गायक सुगमका अलवा यांजी गुरूङ, सोनी तुम्बाहाम्फे, रेजिना श्रेष्ठ, यालुंग हाङ्ग राई र कुन्साङ राईको अभिनय छ । इलामका रमणीय ठाउँहरूमा छायांकन भएको भिडियोमा दिनेश थापा काजीको छायांकन र सुप्रिम पराजुलीको सम्पादन छ ।




शुक्रबार, ०८ चैत २०८१ (Friday, March 21, 2025)


# आठौं नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव काठमाडौंमा सुरू



■ प्रभाव संवाददाता

**काठमाडौं–** आठौं नेपाल अन्तराष्ट्रिय चलचित्र महोत्सव (निफ) बिहीबारबाट सुरू भएको छ। 'विश्वभरिका कथाहरूको उत्सव नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' भन्ने नारा रहेको महोत्सवको राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहालले उद्घाटन गरे ।

कार्यक्रमका दाहालले निफको सफलताको शुभकामना ब्यक्त गर्दै यतिधेरै चलचित्रहरू नेपालमा एकसाथ प्रदर्शन हुनु राम्रो पक्ष भएको बताए । उनले विश्वको चलचित्रको बजारमा प्रतिस्पर्धा गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय दर्शकहरूबिचलाई भित्र्याउन आवश्यक रहेको धारणाा राखे ।

'नेपालको सांस्कृतिक विविधता र प्राकृतिक सौन्दर्यतालाई अन्तराष्ट्रिय दर्शक माझ प्रस्तुत गर्न आवश्यक रहेको बताए ।' उनले विगत ८ वर्षदेखि अन्तराष्ट्रिय चलचित्रलाई नेपाली पर्दामा प्रस्तुत गर्दै आउनु निफको विशिष्टता रहेको समेत बताए । उनले भने, 'निफले आफ्नो विशिष्टता, ऐतिहासिकता र महत्त्वपूर्ण यस महोत्सवमा प्रस्तुत गर्नु महत्वपूर्ण कुरा हो ।' उनले चलचित्र उद्योगका लागि विश्वचलचित्र कर्मी र चलचित्रसँग सम्बन्धित पक्षलाई एकै ठाउँमा ल्याउन यसले महत्त्वपूर्ण भूमिका खेल्ने बताए । नेपालका लागि पाकिस्तान एम्बेस्टर अब्रार हास्मीले नेपालले प्रदान गर्ने चलचित्र र सांस्कृतिक सब्यता र विविधता पाकिस्तानीहरूको लागि मात्र नभएर विश्वका सबै ब्यक्तिको लागि नेपाल आउन प्रेरणको श्रोत बन्न सक्ने बताए ।

उनले सांस्कृतिक आदानप्रदान र उजागर गर्न पाकिस्तानी र नेपाली फिल्म निर्माता, कलाकारले लगायतले सहकार्य गर्न आवश्यक रहेको औंल्याए । नेपाल पर्यटन बोर्डका उपाध्यक्ष कमल सापकोटाले नेपाली चलचित्रलाई विश्वका दर्शकहरूलाई जोड्ने माध्यम निफ भएको बताए । पर्यटन र चलचित्र क्षेत्र एकापसमा अन्तरसम्बन्धले नेपालमा विदेशी पर्यटकहरू भित्र्याउन मद्दत हुने उनको धारणाा थियो ।

बागमती प्रदेशको रजिस्ट्रार रेवती सापकोटाले बागमती प्रदेशले नेपाली चलचित्र क्षेत्रमा एक महत्व अवसरहरू खोजिरहेको बताए । महोत्सव अन्तरगत नै आगामी शनिवार आयोजना हुने उक्त फिल्म डे मा रसियाको तीनवटा चलचित्र प्रदर्शन गरिनेछ । यसपटक महोत्सवमा ३ वटा अडियन्स च्वाइस अवार्ड र एआई अवार्ड थप पनि गरिएको छ । अडियन्स च्वाइस अवार्डको लागि चैत्र ७ गते देखि ११ गते दिनको ४ बजे सम्म खल्ती एप बाट भोटिङ गर्न सकिने ब्यवस्था गरिएको छ ।

समारोहको पहिलो दिन मिनबहादुर भाम निर्देशित चलचित्र 'शाम्बाला' प्रदर्शन आज प्रदर्शन भएको छ। 'विश्वभरिका कथाहरूको उत्सव नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' भन्ने नारा रहेको महोत्सवमा ४० देशका ८७ वटा चलचित्र छानिएको छ । महोत्सवमा देखाइने चलचित्रहरू बुसान, कान्स, लोकार्नो, बर्लिन आदि प्रतिष्ठित फेस्टिभलमा पनि प्रदर्शन भइसकेका छन् । महोत्सवमा अन्तर्राष्ट्रिय प्रतिस्पर्धा अन्तर्गत सर्वोत्कृष्ट फिचर फिल्मलाई १५ सय अमेरिकी डलर राशिसहित गौतम बुद्ध अवार्ड प्रदान गरिनेछ ।

# सुष्माले हात पारिन् 'ब्युटिसियन नेपाल'को ताज

■ प्रभाव संवाददाता




**काठमाडौं–** यो वर्षको ब्युटिसियनहरूको राष्ट्रियस्तरको सौन्दर्य प्रतियोगिता 'ब्ल्याक डाइमण्ड ब्युटिसियन नेपाल-२०२५' ताज काठमाडौं सुकेधाराकी सुष्मा दाहालले जित्न सफल भएकी छन् । ताजसँगै उनले एनएफइए अवार्ड २०२५ मा सहभागी हुन जापान जाने अवसरसमेत प्राप्त गरेकी छन्। उनले टाइटल स्पोन्सर 'ब्ल्याक डाइमण्ड'का तर्फबाट एक लाखको छात्रवृत्ति प्याकेजसमेत प्राप्त गरिन् ।

बिहीबार राजधानीको ज्यापु प्रज्ञा एकेडेमीमा सम्पन्न कार्यक्रममा फष्ट रनरअप सुशीला राई बनिन् भने प्रीति खड्का सेकेण्ड रनरअप बन्न सफल भइन् । उनीहरूले क्रमशः पचास हजार र पच्चिस हजारको छात्रवृत्ति प्याकेज प्राप्त गरे । हिमालयन मुभिजद्वारा आयोजित यो कार्यक्रम एघारौं संस्करण हो ।

दुलहीको भेषमा सजिएका सौन्दर्यकर्मीहरूको आकर्षक नृत्यसँगै सुरुवात भएको कार्यक्रममा क्रमैसँग ब्राइडल तथा परिचयात्मक चरण, फेसन सो तथा पोशाक प्रदर्शनी, प्रश्नोत्तर र लिखित गरी विविध चरणमा सम्पन्न भएको थियो । अवार्ड विजेता तथा महिलाहरूमा सक्रिय फेसन कोरियोग्राफर हिमानी सुब्बाको कोरियोग्राफीमा सम्पूर्ण प्रतियोगीहरूले करिव तीन सातासम्म व्यक्तित्व विकास, बोलीचाली अभ्यास, स्टेज प्रस्तुति, क्याटवाक, बौद्धिक क्षमता विकासलगायतका विषयमा तालिम लिएका थिए । सौन्दर्यकर्मीहरूको पेशागत सौन्दर्य प्रतियोगिता भएकाले कार्यक्रममा विविध पेशागत प्रतियोगिताहरू समेत गराइएको थियो । जसमा वेस्ट ब्राइडल सन्जु फागो, वेस्ट मेकअप कल्पना विक, वेस्ट नेलआर्ट सुशीला राई र वेस्ट जुरो गंगा श्रेष्ठले जित्न सफल भए ।

कार्यक्रममा विविध सर्ट टाइटल अवार्डसमेत वितरण गरिएको थियो । जसमा मोस्ट इन्टिलिजेन्ट सुष्मा दाहाल, वेस्ट फोटोजेनिक सन्जु फागो, मोस्ट कन्फिडेन्ट प्रीति खड्का, मोस्ट याक्टिभ पवित्रा न्यौपाने, मोस्ट डेलिकेट कोपिला राई, मोस्ट चार्मिङ बबिता राई, मोस्ट डिलिजेन्ट अनिता राई, वेस्ट पर्सनालिटी रमिला कुस्वार, मोस्ट स्मार्ट कला राई, मोस्ट प्यासेनेट सन्ध्या श्रेष्ठ, अट्र्याक्टिभ सुप्रिया सुवेदी, पब्लिक च्वाइस भिडियो प्रीति खड्का, मोस्ट पपुलर रमिला कुँवर र पपुलर च्वाइस कोपिला राईले जितिन् ।

कार्यक्रममा कलाकारहरूले आकर्षक नृत्यसमेत प्रस्तुत गरेका थिए भने निर्णायक मण्डलमा नायक एसराज गराज, कस्मेटोलोजिस्ट डा. रेखा थापा, मिसेस नोवेल नेपाल २०१४ सन्ध्या लामिछाने, एस्थेटिसियन डा युनिसा शाही तथा सौन्दर्यकर्मी अप्सरा न्यौपाने रहेका थिए ।

## रंगशाला

# नेपालले नेसन्स लिग र च्याम्पियन्स लिग आयोजना गर्ने



**काठमाडौं (प्रस)–** नेपालले यस वर्ष सेन्ट्रल एसिया भलिबल एसोसिएसन (काभा) का दुई प्रतियोगिता आयोजना गर्ने भएको छ । काभाले बिहीबार सार्वजनिक गरेको २०२५ को क्यालेन्डरअनुसार नेपालले काभा वुमेन्स नेसन्स लिग र काभा वुमेन्स च्याम्पियन्स लिग आयोजना गर्ने भएको हो ।

काभाका अनुसार नेसन्स लिग ११ देखि १७ अक्टोबरसम्म हुनेछ । च्याम्पियन लिग भने १ देखि ७ डिसेम्बरसम्म आयोजना हुनेछ । यी दुवै लिग काठमाडौंमा हुने तय छ । नेपालले गत वर्ष काभा वुमन्स नेसन्स भलिबल लिग र काभा पुरुष भलिबल क्लब च्याम्पियनसिप आयोजना गरेको थियो । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) कभर्डहलमा भएको नेसन्स लिगको फाइनलमा भारतसँग ३-२ को सेटमा पराजित हुँदै नेपाल उपविजेतामा सीमित भएको थियो । पुरुष क्लब च्याम्पियनसिपको फाइनलमा भारतको क्यालिकट हिरोजले हेल्प नेपाल स्पोर्ट्स क्लबलाई ३-१ ले पराजित गर्दै उपाधि जितेको थियो

# फ्युजन क्लब फाइनलमा

**विराटनगर (प्रस)–** गाईघाटको फ्युजन फुटबल क्लब विराटनगरमा जारी पाँचौं संस्करणको मिल्स गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । विराटनगरको जुट मिल खेल मैदानमा बिहीबार भएको पहिलो सेमिफाइलनमा फ्युजनले सुनसरी इटहरीको टिएफसी तालतलैयालाई ५-१ ले पराजित गरेको हो । उपाधि रक्षाको लागि उदयपुरले अब शुक्रबार हुने दोस्रो सेमिफाइलनमा घरेलु टिम पेमा युवा स्पोर्टिङ क्लब र लेटाङ फुटबल क्बलको बिजेता टिमसँग प्रतिस्पर्धा गर्नेछ ।

जितको लागि उदयपुरका रितेस तामाङले दुई तथा सुनील खड्का, दीपक मगर र दिवस राईले समान एक गोल गरे । इटहरीको तर्फबाट सुजन मगरले सान्तवना गोल फर्काए । खेल सुरु भएको ९ औं मिनेटमा उदयपुरका रितेस तामाङ्गले गोल गर्दै टिमलाई अग्रता दिलाए । पहिलो हाफसम्म उदयपुर १-० गोलले अग्रता लियो । दोस्रो हाफपछि ४५ औं मिनेटमा इटहरीका सुजन मगरले पेनाल्टीमार्फत गोल गर्दै खेल बराबरी ल्याए । इटहरीका खेलाडी अभिषेक कालिकोटीलाई डिबक्स भित्र फल खेलेर लडाएपछि रेफ्री अनिल खवासले पेलान्टी दिए । पेलान्टीमा इटहरीका सुजनले गोल गर्दै खेल बराबरीमा ल्याएका हुन् ।

खेलको ६१ औं मिनेटमा उदयपुरका रितेस तामाङले गोल गर्दै अग्रता दोब्बर बनाए । दोस्रो गोल गरेलगत्तै उदयपुरका सुनिल खड्काले ६२ औं मिनेटमा गोल गर्दै अग्रता तेब्बर बनाए । दोस्रो हाफपछि इटहरीलाई दवाबमा राखेको उदयपुरले अतिरिक्त समयमा थप दुई गोल गर्यो । दिपक मगर र दिवस राईले खेलको अतिरक्ति समयमा समान १-१ गोल गर्दै टिमको जित सुनिश्चत गरे ।


## Invitation for Electronic Bids

### Barju Rural Municipality

### Office of Rural Municipality Executive

**Amahibelha, Sunsari**

**Invitation for Bids for the as per table below.**

**Date of publication: 21-03-2025**

1. Barju Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the Procurement of
   A. Sakhuwagachhi sadak and Karn Gurung ko ghar dekhi Paschim jane bato RCC dhalan.
   B. Barju 5,6 ko simana dekhi nahar ko bato paschim ko bato starunnati
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Of Barju Rural Municipality, Amahibelha, Sunsari. or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp,. Bidders, submitting their bid should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: NIC Asia Bank Limited. Barju Branch
   Name of Office: Barju Rural Municipality
   Office Code no. : 801011410
   Office Account no.: 2432050027873004
   Rajaswa (revenue) Shirshakno. : AANTRIKRAJASWA KHATA-BARJU GAUPALIKA
4. Pre-bid meeting shall not be held.
5. Bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S.N | Name of Project | Contract Id. No. | Total Estimate Amount (Exclusive of VAT and Contingencies) | BidSecurity Amount NRs. | Bid Document Amount(NRs.) | Opening date |
|---|---|---|---|---|---|---|
| 1 | Sakhuwagachhi sadak and Karn Gurung ko ghar dekhi Paschim jane bato RCC dhalan | BRM/SUNSARI/ NCB/WORKS/ 10/2081/082 | 13012204.8 | 365000 | 3,000.00 | 20/04/2025 2PM |
| 2 | Barju 5,6 ko simana dekhi nahar ko bato paschim ko bato starunnati | BRM/SUNSARI/ NCB/WORKS/ 9/2081/82 | 2177616.86 | 65000 | 3000.00 | 20/04/2025 2PM |

**Chief Administrative Officer**

# युक्रेनको आणविक संयन्त्रहरू अमेरिकी नियन्त्रणमा राख्ने ट्रम्पको भनाइ



**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीलाई अमेरिकाले युक्रेनको आणविक ऊर्जा संयन्त्रको स्वामित्व लिन र सञ्चालन गर्न सक्ने बताएका छन् । यो रूसको आक्रमणमा युद्धविराम सुनिश्चित गर्ने उनको नवीनतम् प्रयासको हिस्सा हो ।

रूस र युक्रेनबीच सम्भावित युद्धविरामको सुरक्षा गर्न इच्छुक लगभग ३० देशका सैन्य प्रमुखहरू बिहीबार बेलायतमा शान्ति सेना योजनाको बारेमा छलफल गर्न तयार भएपछि यो प्रस्ताव आएको हो । बुधबार ट्रम्पसँगको कुराकानीपछि युक्रेनी राष्ट्रपति जेलेन्स्कीले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनमा यस्तै आक्रमण रोक्न सहमत भएको एक दिनपछि रुसको ऊर्जा सञ्जाल र पूर्वाधारमा आक्रमण रोक्न किएभ 'तयार' रहेको बताए ।

जेलेन्स्कीले ट्रम्पको विद्युत् संयन्त्र अधिग्रहण योजनाको बारेमा पनि छलफल गरेको बताए । 'हामीले केवल रुसी कब्जामा रहेको एउटा बिजुली संयन्त्रको बारेमा कुरा गऱ्यौं,' फिनल्यान्डको आधिकारिक भ्रमणमा रहेका जेलेन्स्कीले अनलाइन ब्रिफिङमा जापोरिज्जियामा रहेको संयन्त्रलाई उल्लेख गर्दै भने ।

उनले रुसलाई छुट दिन ट्रम्पबाट 'कुनै दबाब महसुस नगरेको' बताए । तर मंगलबार ट्रम्पसँगको आफ्नै कुराकानीमा पुटिनले पश्चिमले पहिले युक्रेनका लागि सबै सैन्य सहायता रोक्नुपर्ने जोड दिएकाले व्यापक युद्धविराम अझै अस्पष्ट छ । बेलायतका प्रधानमन्त्री किर स्टार्मर र फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले युक्रेनमा बेलायती र फ्रान्सेली सैनिकहरू राख्न तयार रहेको बताएका छन् । बेलायत सरकारले 'उल्लेखनीय संख्यामा' राष्ट्रहरू त्यसो गर्न तयार रहेको बताएको छ तर कति देशहरू इच्छुक छन् भन्ने कुरा स्पष्ट छैन ।

जेलेन्स्कीसँगको कुराकानीपछि बुधबार ट्रम्पको स्वर उल्लेखनीय रूपमा सकारात्मक थियो । हालसालै ओभल अफिसमा दुई जनाबीच टेलिभिजनमा प्रसारित विवाद भए पनि ह्वाइट हाउसले यसलाई 'अद्भूत' भनेर वर्णन गरेको छ । 'ट्रम्पले 'युक्रेनको विद्युत् आपूर्ति र आणविक ऊर्जा संयन्त्रहरू'बारे छलफल गर्नुभयो र वासिङ्टनले तिनीहरूलाई चलाउन 'धेरै सहयोगी' हुनसक्ने बताउनुभयो,' राष्ट्रिय सुरक्षा सल्लाहकार माइक वाल्ट्ज र विदेशमन्त्री मार्को रुबियोले संयुक्त विज्ञप्तिमा भने, 'ती संयन्त्रको अमेरिकी स्वामित्व त्यस पूर्वाधारका लागि उत्तम सुरक्षा हुन छ ।'

## युद्ध अन्त्य गर्दै

ट्रम्पले किएभलाई युरोपबाट थप हवाई सुरक्षा उपकरण प्राप्त गर्न र रूसद्वारा 'अपहरण' गरिएका युक्रेनी बालबालिकाहरू फेला पार्न मद्दत गर्ने वचन पनि दिएको विज्ञप्तिमा उल्लेख छ । उनले यसअघि आफ्नो ट्रुथ सोसल नेटवर्कमा पूर्ण युद्धविराम गर्ने प्रयासहरू 'धेरै नै ट्र्याकमा छन्' भनेका थिए ।

जेलेन्स्कीले युक्रेनी र अमेरिकी अधिकारीहरू आउँदो दिनमा साउदी अरबमा नयाँ वार्ताका लागि भेट्न सक्ने बताए । त्यहाँ रूसी र अमेरिकी टोलीहरू पनि आगामी हप्ताको सुरुमा भेट्ने अपेक्षा गरिएको छ । मस्कोले बुधबार रुस र युक्रेनले ३७२ कैदी साटासाट गरेको बताएको छ । यो ट्रम्प-पुटिन फोनवार्तापछि सद्भावना संकेतका रूपमा योजना बनाइएको थियो ।

यद्यपि किएभ र मस्कोले एकअर्कालाई निरन्तर आक्रमणको आरोप लगाएका छन् । रूसले देशभरका विभिन्न क्षेत्रमा रातभर भएको आक्रमणमा १३२ युक्रेनी ड्रोन नष्ट गरेको बताएको छ । युक्रेनी आपत्कालीन सेवाले बिहीबार मध्य युक्रेनको क्रोपिवनित्स्कीमा रहेको आवासीय भवनमा रुसी ड्रोन हमलामा एक बालकसहित आठ जना घाइते भएको बताएको छ ।

## पुटिनलाई विश्वास नगर्नुहोस्

प्रमुख बाधा पुटिनको पूर्ण युद्धविरामको प्रतिरोध नै रहेको छ । किएभ र केही पश्चिमी सहयोगीले रुसी राष्ट्रपतिलाई कसरी विश्वास गर्न सकिँदैन भनेर जोड दिन्छ । मंगलबार ट्रम्पसँगको कुराकानीमा पुटिनले युक्रेनलाई अर्बौं डलरको सैन्य सहायता रोक्ने मस्कोको लामो समयदेखिको मागमा पश्चिम सहमत भएमा मात्र पूर्ण युद्धविराम सम्भव हुने कुरामा जोड दिएको थियो ।

पुटिनले युक्रेनलाई पुनः हतियार राख्न नदिने र अनिवार्य सैन्य भर्ती रोक्नुपर्ने माग पनि गरेका छन् । मस्को र वासिङ्टन फोन वार्ताको नतिजामासमेत असहमत थिए । क्रेमलिनले विद्युत् संयन्त्रमा आक्रमण रोक्नेबारेमा मात्र छलफल गरेको बताएको छ तर ह्वाइट हाउसले वार्तामा ऊर्जा र अन्य नागरिक पूर्वाधार दुवै समावेश भएको जोड दिएको छ । पुटिनलाई ट्रम्पको आग्रह र वासिङ्टनले अब युरोपेली सुरक्षाको ग्यारेन्टी नगर्ने संकेतले किएभ र संयुक्त राज्य अमेरिकाका नाटो सहयोगीहरूलाई पनि त्रास उत्पन्न गराएको छ ।

'म पुटिनलाई पटक्कै विश्वास गर्दिन, एउटा शब्द पनि होइन । उहाँले केवल बल बुझ्नुहुन्छ,' किएभका ३२ वर्षीय बासिन्दा लेभ शोलोउड्कोले भने ।

मस्कोमा स्थानीय बासिन्दाहरू वार्ताले रुसको फाइदाका लागि लडाइँको अन्त्य गर्न सक्ने कुरामा बढी आशावादी थिए । 'निश्चित रूपमा यो हाम्रो पक्षमा छ,' मस्कोकी ४६ वर्षीया बासिन्दा लारिसाले नाजी जर्मनीमाथि सोभियत संघको विजयलाई उल्लेख गर्दै भनिन्, 'अरु कुनै उपाय छैन । सन् १९४५ मा जे भयो, अहिले पनि त्यही हुने छ ।' *रासस/एएफपी*

# युक्रेनका बालबालिकालाई स्वदेश फर्काउने प्रतिबद्धता

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुसमा अपहरणमा परेका हजारौं बालबालिकालाई फिर्ता ल्याउन युक्रेनलाई सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । युक्रेनमा युद्ध अन्त्यका लागि दबाब दिइरहेका राष्ट्रपति ट्रम्पले रुसी नेता भ्लादिमिर पुटिनसँग कुरा गरेको एक दिनपछि युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीसँग टेलिफोनमा यस विषयमा छलफल गरेका हुन् ।

अधिकारकर्मीहरूका अनुसार रुसी सेनाले अनाथालय वा अशक्त युवाहरूका लागि बनाइएका केन्द्र र गरिब परिवारका धेरै बालबालिकाहरू लगेका छन् । अमेरिकी विदेशमन्त्री मार्को रुबियो र ट्रम्पका राष्ट्रिय सुरक्षा सल्लाहकार माइक वाल्ट्जले जारी गरेको संयुक्त वक्तव्यमा भनिएको छ, 'ट्रम्पले जेलेन्स्कीलाई युद्धका क्रममा युक्रेनबाट हराएका बालबालिकार अपहरणमा परेका बालबालिकाबारे सोधपुछ गरेका थिए ।'

'राष्ट्रपति ट्रम्पले ती बालबालिकालाई घर फर्काउने सुनिश्चित गर्न दुवै पक्षसँग मिलेर काम गर्ने वचन दिएको छ,' उनले भने । येल युनिभर्सिटीको ह्युमेनिटेरियन रिसर्च ल्याबले हराएका बालबालिकाको खोजी गरिरहेको छ तर ट्रम्पले विदेशी सहायतामा व्यापक कटौती गरेपछि अमेरिकी सरकारबाट महत्त्वपूर्ण आर्थिक सहयोग गुमाएको छ । अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता टमी ब्रुसले आर्थिक सहयोग कटौती भएको स्वीकार गर्दै परियोजनाको डाटा मेटिएको भन्ने 'षडयन्त्रको सिद्धान्त'लाई अस्वीकार गरेका छन् ।

कटौतीको बचाउ गर्दै ब्रुसले भने, 'आर्थिक सहयोग कटौतीलाई नगर्न र विद्यमान यथास्थिति नै लक्ष्य हासिल गर्ने एक मात्र उपाय हो ।' उनले अमेरिकी राष्ट्रपति ट्रम्पले अहिले आफ्नो कूटनीतिको माध्यमबाट यस विषयलाई सम्बोधन गरिरहेको बताए । 'मलाई लाग्छ कि यो एक राम्रो स्पष्ट संकेत हो र हामी अझै पनि महत्त्वपूर्ण मुद्दाहरूमा काम गर्न सक्छौं र तिनीहरूलाई अस्तित्वमा रहेको एक निश्चित संरचनाविना नै सम्बोधन गर्न सक्छौं,' ब्रुसले भने ।

मानवीय अनुसन्धान ल्याबका अनुसार १९ हजारभन्दा बढी बालबालिकालाई रुस लगिएकोमा एक हजार २३६ जनामात्र फर्केका छन् । समूहले युक्रेनबाट आएका आठ हजार ४०० भन्दा बढी बालबालिकालाई रुस वा रुसको नियन्त्रणमा रहेको क्षेत्रमा ४३ र बेलारुसमा १३ बालबालिका संरक्षण केन्द्रमा स्थानान्तरण गरिएको जनाएको छ ।

समूहको अनुसन्धानअनुसार बच्चाहरूले अक्सर दुर्व्यवहार, अपर्याप्त खानाको अनुभव गरेका छन् र उनीहरूलाई रूसद्वारा प्रेरित अक्सर सैन्य प्रशिक्षण दिइएको छ । रुसले दुर्व्यवहारको खण्डन गर्दै आफ्नो कामलाई अनाथ बालबालिकालाई अंगीकार गर्ने मानवीय कार्यक्रमका रूपमा व्याख्या गरेको छ ।

अमेरिकी सांसदहरूको द्विदलीय समूहले 'डिपोजिटरी'को डाटा स्थायी रूपमा मेटिएको छ भन्ने विश्वास गर्ने खाधार आफूसँग रहेको बताएको छ । डेमोक्र्याट् सांसद ग्रेग ल्यान्ड्सम्यानको नेतृत्वमा लेखिएको पत्रमा भनिएको छ, 'यदि यो सत्य हो भने यसले विनाशकारी परिणाम निम्त्याउने छ ।' अमेरिकी विदेशमन्त्री रुबियो र अर्थमन्त्री स्कट बेसेन्टलाई सम्बोधन गरिएको पत्रमा येल परियोजनाले अहिले महत्त्वपूर्ण स्याटेलाइट तस्बिरहरूमा पहुँच नभएको पनि उल्लेख गरिएको छ । *रासस/एएफपी*

# भारतीय सेनासँगको झडपमा २२ नक्सलवादी विद्रोही मारिए, एक सैनिकको मृत्यु

**नयाँ दिल्ली–** लामो समयदेखि चलेको विद्रोहलाई दबाउन सरकारले सुरक्षा कारबाही तीव्र पारेपछिको सबैभन्दा घातक झडपमा बिहीबार मध्य भारतको जंगलमा कम्तीमा २२ जना माओवादी विद्रोहीको मृत्यु भएको छ । भारतको स्रोत साधनले सम्पन्न केन्द्रीय क्षेत्रका सीमान्तकृत मानिसहरूको अधिकारका लागि लडिरहेको दशकौं लामो 'नक्सलवादी' विद्रोहमा एक हजारभन्दा बढी मानिसको ज्यान गइसकेको छ ।

छत्तीसगढ राज्यमा दिनभरि चलेको दुई छुट्टाछुट्टै झडपमा एक भारतीय अर्धसैनिक सुरक्षा अधिकारीको पनि मृत्यु भएको प्रहरीले जनाएको छ । भारतीय जनता पार्टीका नेता तथा संघीय गृहमन्त्री अमित शाहले सामाजिक सञ्जाल एक्समा विद्रोही आन्दोलनका लागि साझा भारतीय नाम प्रयोग गर्दै लेखेका छन्, 'हाम्रो सुरक्षा बलको दुई छुट्टाछुट्टै कारबाहीमा २२ नक्सलवादी मारिएका छन् ।'

बिजापुर जिल्लामा बिहान सबेरै भएको झडपमा १८ जना लडाकुसमेत २२ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । राज्यको दक्षिणी क्षेत्रमा भएको छुट्टाछुट्टै भिडन्तमा अन्य चार जना विद्रोही मारिएका छन् । दुवै युद्धस्थलमा खोजी कार्य जारी रहेको र सुरक्षा बलले दुवै क्षेत्रबाट हातहतियार र गोलाबारुद बरामद गरेको दाबी गरेको छ ।

शाहले सामाजिक सञ्जाल एक्समा लेखेका छन्, 'मोदी सरकार नक्सलवादीहरूविरुद्ध निर्मम दृष्टिकोणका साथ अगाडि बढिरहेको छ र आत्मसमर्पण नगर्ने नक्सलवादीहरूविरुद्ध शून्य सहनशीलताको नीति अपनाइरहेको छ ।' सन् १९६७ मा चिनियाँ क्रान्तिकारी नेता माओत्सेतुङबाट प्रेरित सशस्त्र अभियान सुरु भएको क्षेत्रमा नक्सलवादी भनेर चिनिने विद्रोहीहरू लामो समयदेखि निरन्तर लड्दै आएका छन् ।

शाहले भारत सरकारले अर्को वर्षको मार्चको अन्त्यसम्ममा विद्रोहको अवशेषलाई ध्वस्त पार्ने प्रतिबद्धता व्यक्त गर्दै आएका छन् । गत वर्ष सुरक्षा फौजको कारबाहीमा करिब २८७ विद्रोही मारिएका थिए जसमध्ये अधिकांश छत्तीसगढमा रहेको सरकारी तथ्यांकले देखाएको छ । भारतीय समाचार संस्था प्रेस ट्रस्ट अफ इन्डिया (पिटिआई) का अनुसार यस वर्ष अहिलेसम्म ८० भन्दा बढी माओवादी मारिएका छन् ।

माओवादीले स्थानीय बासिन्दाका लागि जमिन, रोजगारी र यस क्षेत्रको अथाह प्राकृतिक स्रोतको हिस्सा माग्दै आएको छ । भारतको पूर्व र दक्षिणका धेरै दुर्गम समुदायहरूमा प्रवेश गरेको उक्त आन्दोलनले सन् २००० को दशकको सुरुसम्म शक्ति र संख्यामा वृद्धि गरेको थियो तर पछिल्ला दुई दशकयता यो आन्दोलन कमजोर देखिएको छ ।

सन् २००० पछि नयाँ दिल्लीले 'रेड करिडोर' नामकरण गरेको उक्त क्षेत्रमा दशौं हजार सैनिक तैनाथ गरेको छ । यस द्वन्द्वमा सरकारी फौजमाथि कयौं घातक आक्रमणहरू पनि भएका छन् । गत जनवरीमा सडक छेउमा भएको बम विष्फोटमा परी कम्तीमा नौ भारतीय सैनिकको मृत्यु भएको थियो । *रासस/एएफपी*

# श्रीलंकामा स्थानीय तहको निर्वाचनको घोषणा

**कोलम्बो–** श्रीलंकामा लामो समयदेखि रोकिएको स्थानीय परिषद्को निर्वाचन आगामी मे महिनामा हुने निर्वाचन आयोगले बिहीबार घोषणा गरेको छ । यो मतदान सन् २०२२ मा हुने तय भएको थियो तर पछिल्लो प्रशासनले त्यस वर्ष अभूतपूर्व आर्थिक संकटका कारण निर्वाचन खर्च धान्न नसक्ने तर्क गर्दै उक्त निर्वाचनलाई स्थगित गरेको थियो ।

श्रीलंकाको सर्वोच्च अदालतले गत अगस्टमा तत्कालीन राष्ट्रपति रनिल विक्रमासिंघेले निर्वाचन अनिश्चितकालका लागि स्थगन गरी गैरकानुनी काम गरेको ठहर गर्दै यथाशीघ्र निर्वाचन गर्न आदेश दिएको थियो । श्रीलंकाका ३३९ स्थानीय तहमध्ये तीन स्थानीय निकायका लागि मे ६ मा निर्वाचन हुने आयोगले जनाएको छ ।

श्रीलंकाले सन् २०२२ मा ४६ अर्ब अमेरिकी डलर बराबरको बाहृय ऋणमा आफ्नो पहिलो सार्वभौम ऋण तिर्न नसकेपछि यहाँ अहिलेसम्मकै सबैभन्दा खराब आर्थिक संकटको अवस्थाको घोषणा गर्नुपरेको थियो । महिनौंदेखि उपभोग्य वस्तुको अभावपछि उर्लेको व्यापक नागरिक अशान्तिको बलमा तत्कालीन नेता गोटबाया राजापाक्षेलाई सत्ताच्युत गरिएको थियो । उनका उत्तराधिकारी विक्रमासिंघेले मार्च २०२३ मा अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) बाट २.९ अर्ब अमेरिकी डलर को बेलआउट ऋण प्राप्त गरेका थिए । गत वर्षको राष्ट्रपतीय चुनावमा विक्रमासिंघेको पराजय भएको थियो भने उनको उत्तराधिकारीका रूपमा वामपन्थी नेता अनुरा कुमारा दिसानायकेले भारी मतसहित सत्ताको वागडोर सम्हालेका थिए ।

विक्रमासिंघेले अघि सारेको मितव्ययिताका उपायहरूलाई दिसानायकेले जारी राखेका छन् र आइएमएफले देशको अर्थतन्त्र स्थिर हुँदै गएको र सबैभन्दा खराब मन्दीबाट देशबाहिर आइरहेको बताएको छ । *रासस/एएफपी*


**कतारमा रोजगार** कम्पनी : ARWS AL DWHH LITNZYFAT WALDYAFH

पूर्व स्वीकृति मिति : २०८१/१२/०७ | LT. No. 320739 | चलानी नं. ६०२३४८८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Male) | 8 | 0 | 1000 | ३७,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners Indoor (Female) | 0 | 8 | 1000 | ३७,८६५ | | | | | | | |
| 3 | Waitresses | 0 | 5 | 1400 | ५३,०१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १५ गते (28th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1048/073/074

C. D. HUMAN RESOURCES PVT. LTD.
Sinamangal-9, Tatra Hallchowk, Kathmandu, Nepal, Tel: (977)-1-4486262
E-mail : info@cdnepal.com, cdhr007@gmail.com, Web: www.cdnepal.com



**साउदीमा रोजगार** कम्पनी : ABDUL MOHSEN AL-JASSER CONTRACTING COMPANY, A CLOSED JOINT STOCK COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०८/१८ | पुनः विज्ञापन स्वीकृति मिति : २०८१/१२/०७ | LT. No. 314784 | चलानी नं. ६०२२९१७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 5 | 0 | 1800 | ६६,२६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १५ गते (28th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Green Star Overseas Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4363546, Fax: +977-1-4363540
Email: greenstaroverseas@gmail.com, Website: www.greenstaroverseas.com
श्रम ईजाजत नं. २५७/०५८/०५९



**कतारमा रोजगार** कम्पनी : BLW FYWTSHR TKNWLJY LLTJARH

पूर्व स्वीकृति मिति : २०८१/१२/०७ | LT. No. 320704 | चलानी नं. ६०२३४८३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ceramic Tile Workers | 6 | 0 | 1100 | ४१,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १५ गते (28th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.
(The Centre Overseas Pvt. Ltd. (THE CENTER OVERSEAS CONCERN PVT.LTD)
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806



**कतारमा रोजगार** कम्पनी : Abukhamseen General Trading Co./Emad Bukhamseen & Partners

पूर्व स्वीकृति मिति : २०८१/०५/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/०७ | LT. No. 310758 | चलानी नं. ६०२२५३२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 1 | 1000 | ३७,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Ground Steward (Female) | 0 | 2 | 1000 | ३७,८६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १५ गते (28th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Supreme Overseas Pvt. Ltd.
Koteshwor-32, Kathmandu, Nepal, Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202, Email: supremeovs@yahoo.com, supremeover301@gmail.com, Web: www.supremeoverseas.com.np
श्रम ईजाजत नं. ३०१/०५९/०६०



**नियु स्कुटर NIU Scooter को अधिकतम बिक्री मूल्य MRP सम्बन्धि सूचना**

यस प्रा.लि.ले Niu International Co Ltd बाट पैठारी गरेको न्यु स्कुटरको अधिकतम खुद्रा बिक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि.न. | मालवस्तुको विवरण | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक | इकाइ | बिक्री मूल्य |
|---|---|---|---|---|---|---|---|
| 1 | Electric Scooter | NIU | FQi300 | Peak Power: 4.8 KW<br>Rated Power: 4.2 KW | China | प्रति पिस | 385,000.00 |
| बिक्रेताको फर्मको नाम: इको इन्फिनिटी प्रा.लि. | | | | | | स्थायी लेखा नं: ६०४२८६३१० | |
| ठेगाना: गुसिङगाल ललितपुर | | | | | | फोन नं: ०१५९०१६६२ | |



**साउदीमा रोजगार** कम्पनी : CUP SHOT BEVERAGE COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१२/०६ | LT. No. 320700 | चलानी नं. ६०२३४८३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Resturant Worker | 2 | 0 | 1200 | ४४,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १५ गते (28th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Paradeshi Overseas Services Pvt. Ltd.
Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal, Tel: +01-5914513
Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com, Website: www.paradeshioverseas.com.np
Govt. License 387/059/060



**कुवेतमा रोजगार** कम्पनी : CACAOYER SWEETS VAND PASTRIES COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०८/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/०७ | LT. No. 314692 | चलानी नं. ६०२२९०१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 2 | 5 | 150 | ६७,२८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १५ गते (28th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४



आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १७६००० | प्रति तोला – ० | प्रति तोला – २०४५ |



**लौका खेती** | सुनसरीको इनरुवा नगरपालिका-२ का किसान बजारमा बिक्री गर्न लैजान बारीमा लौका टिप्दै । लौका स्थानीय बजारमा ४०-५० रुपियाँ प्रतिगोटा बिक्री हुने किसान बताउँछन् । *तस्बिर : नवीन गड्तौला/रासस*

# नीतिगत सुधारबाट साना जलविद्युत् आयोजनाका समस्या समाधान हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले नीतिगत सुधार गरेर साना जलविद्युत् आयोजनाका समस्या समाधान गरिने बताएका छन् । 'ग्रिन इनर्जी आन्टरप्रेनर नेपाल'ले बिहीबार आयोजना गरेको 'साना जलविद्युत् आयोजनाहरूको दिगो सञ्चालनसम्बन्धी देखिएका चुनौती' विषयक कार्यक्रममा मन्त्री खड्काले साना जलविद्युत् आयोजनाका समस्या समाधान गर्न नीतिगत सुधार गरिने बताए ।

'साना जलविद्युत् आयोजनाका समस्या एकै ठाउँमा राखेर छलफल गरौँ, के-के संशोधन गर्नुपर्ने छ, समस्या समाधान गर्न मन्त्रालय तयार छ,' उनले भने । ऊर्जा क्षेत्रको विकासका लागि सरकार र निजी क्षेत्र सहकार्य गरेर अगाडि बढ्नुपर्ने मन्त्री खड्काको भनाइ थियो । उनले साना जलविद्युत् आयोजना सँगसँगै मुलुकको समग्र ऊर्जा क्षेत्रको सुधारका लागि सरकार निजी क्षेत्रसँग मिलेर काम गर्न तयार रहेको उल्लेख गरे । संस्थागत रूपमा रहेका तहगत बेतिथि पनि समाधान खोज्दै जानुपर्ने उनले बताए ।

मन्त्रिपरिषद्बाट स्वीकृत भएको ऊर्जा विकास मार्गचित्रले निजी क्षेत्रका समस्या समाधान खोजेको मन्त्री खड्काले उल्लेख गरे । व्यवसायीलाई परेको समस्या समाधान गर्न सरकार प्रतिबद्ध रहेको उनले बताए । मन्त्री खड्काले विद्युत् प्राधिकरणले गरेको गल्तीका दोष निजी क्षेत्रमाथि थोपर्न नहुने बताए ।

ग्रिन इनर्जी आन्टरप्रेनर नेपालका अध्यक्ष इन्जिनियर सूर्यप्रसाद अधिकारीले साना जलविद्युत् आयोजनाको विद्युत् खरिद सम्झौता (पिपिए) दर समायोजन गर्न माग गरे । उनले 'टेक अर पे' (लिउ वा तिर) प्रावधान कार्यान्वयन गर्नुपर्ने र विद्युत् उत्पादनको वैकल्पिक व्यवस्थालाई खारेज गर्नुपर्ने बताए ।

अध्यक्ष अधिकारीले पाँच मेगावाटभन्दा साना जलविद्युत् आयोजनालाई उत्पादन अवधि तोक्न नहुने तथा पाँचदेखि १० मेगावाटसम्मका आयोजनाको उत्पादन अनुमतिपत्रको अवधि ५० वर्ष कायम हुनुपर्ने तथा जलविद्युत् आयोजनाको मर्मतसम्भारका लागि आवश्यक पर्ने पाटपुर्जामा पुरानो नीतिअनुसार एक प्रतिशत भन्सार दर कायम गर्न माग गरे ।

बजेट तयारी

# राष्ट्र बैंकले गऱ्यो बजेटका लागि सुझाव संकलन

■ प्रभाव संवाददाता



**वीरगञ्ज (पर्सा)–** नेपाल राष्ट्र बैंकले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटका लागि वीरगञ्जका उद्योगी/व्यवसायीसँग सुझाव संकलन गरेको छ । राष्ट्र बैंकको आर्थिक अनुसन्धान विभागले आगामी आवको लागि पूर्व बजेटकालिन अन्तरक्रिया गरी आगामी बजेटमा समावेश गर्नुपर्ने विषयका सन्दर्भमा सुझाव संकलन गरेको हो ।

वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष अनिलकुमार अग्रवालले पछिल्लो समय उद्योगी/व्यवसायीको मनोबल खस्किएकाले आगामी आवको बजेटमार्फत मनोबल उकास्ने खालको बजेट ल्याउन अनुरोध गरे । 'सरकारी निकायले वर्सेनि बजेटपूर्व र बजेटपछि यहाँका उद्योगी/व्यवसायीसँग सुझाव संकलन गर्न आउने भएपनि यहाँका उद्योगी/व्यवसायीका मुद्दालाई भने नसमेट्ने तितो यथार्थ छ', उनले भने, 'नेपाल राष्ट्र बैंक सरकारको आर्थिक सल्लाहकार भएकाले पक्कै यसपालि दिएका सुझाव कार्यान्वयन हुने अपेक्षा राखेका छौं ।'

अध्यक्ष अग्रवालले सरकार र निजी क्षेत्रबीच विश्वासको अभाव भएकाले निजी क्षेत्रको मनोबल क्रमशः घट्दै गइरहेको बताए । 'जब उद्योगी व्यवसायीको मनोबल खस्किन्छ । तब मुलुकको आर्थिक विकासको परिकल्पना गर्न सकिंदैन', उनले भने, 'सरकारले एकद्वार प्रणालीबाट राजस्व संकलन गर्ने प्रणालीको विकास गर्न जरुरत छ ।'

अर्थशास्त्री दीपेन्द्रकुमार चौधरीले सरकारले घाटाको बजेट ल्याउनुभन्दा यथार्थपरक र वस्तुनिष्ठ बजेट ल्याउन सुझाव दिए । 'सरकारले लक्ष्यअनुसार राजस्व संकलन गर्न नसक्ने घाटाको बजेट ल्याएर कुनै काम छैन,' उनले भने, 'वस्तुपरक र यथार्थबजेट ल्याएर कार्यान्वयन गर्न जरुरी छ ।'

वीरगञ्ज महानगरका प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णले वीरगञ्ज महानगरसँग पर्याप्त कृषियोग्य जमिन भएपनि आवश्यक स्रोतको अभाव भइरहेको बताए । प्रमुख प्रशासकीय अधिकृत कर्णले वीरगञ्जबाट मुलुकले सबैभन्दा धेरै राजस्व संकलन गर्ने भएपनि वीरगञ्जको पूर्वाधार र अन्य क्षेत्रको विकासमा संघीय सरकारले बेवास्ता गरेको आरोप लगाए ।

वीरगञ्ज उद्योग वाणिज्य संघका बरिष्ठ उपाध्यक्ष हरि गौतमले सरकारले हचुवाको भरमा बजेट ल्याउने र कार्यान्वयन नगर्ने प्रवृत्तिको अन्त्य गर्न जरुरी रहेको औंल्याए ।

नेपाल राष्ट्र बैंकका अनुसन्धान विभागका निर्देशक सत्येन्द्रराज सुवेदीले उद्योगी व्यवसायीले दिएका सुझावलाई लिपीबद्ध गरेर सरकारलाई हस्तान्तरण गर्ने बताए । 'यहाँका उद्योगी-व्यवसायीले निकै व्यवहारिक खालका सल्लाह र सुझाव दिनुभएको छ । त्यसलाई हामीले आफ्नो प्रतिवेदनमा समावेश गरेर सरकारलाई हस्तान्तरण गर्नेछौं', उनले भने ।

राष्ट्र बैंकका उपनिर्देशक विष्णुप्रसाद सुवेदीले बजेट सुझाव सम्बन्धमा कार्यपत्र प्रस्तुत गरेका थिए । राष्ट्र बैंकका वीरगञ्ज कार्यालय प्रमुख सुशील पौडेलले यस्ता छलफलमूलक कार्यक्रमले बजेट निर्माणमा मार्गनिर्देश गर्ने बताए ।

# अलैंची किसानका समस्या पहिचानमा बगानमै विज्ञ

**भोजपुर–** जिल्लाका अलैंची किसानका समस्या विज्ञ समूह अलैंची बगानमा पुगेको छ । विभिन्न रोग, कीराको सङ्क्रमणका कारण किसानको बगान नष्ट हुन थालेपछि अलैंची महासंघसहित विज्ञ समूह बगानमा पुगेको हो । कोशी प्रदेश सरकार र नेपाल व्यवसायी अलैंची महासंघको पहलमा अलैंची किसानको समस्या खोजी भइरहेको अलैंची व्यवसायी महासंघका महासचिव नारायणप्रसाद चिमोरियाले बताए । किसानको अलैंची बगानमा पुगेर समस्यासँगै गुणस्तरीय उत्पादन, बजारीकरणलगायत विषयमा जानकारी लिइएको उनले उल्लेख गरे ।

अलैंची किसानका समस्याको खोजी, पहिचानसँगै गुणस्तरीय उत्पादनको विषयमा ज्ञान प्रदान गर्न प्रदेश सरकारसँगको सहकार्यमा किसान लक्षित कार्यक्रम सञ्चालन गरिएको महासचिव चिमोरियाले जानकारी दिए । यो कार्यक्रमअन्तर्गत अलैंचीका विज्ञ प्राविधिकसहित सरोकार भएका पक्ष र किसानसँग बसेर अलैंचीमा देखिएका समस्या, त्यसको समाधान र गुणस्तरीय उत्पादनका विषयमा जानकारी दिने काम भइरहेको उनले बताए ।

महासचिव चिमोरियाले भने, 'विज्ञ समूहसहित किसानको अलैंची बगानमा पुरेर समस्या पहिचान गरी समाधानका उपाय दिंदै आएका छौं । योसँगै बजारीकरण र गुणस्तरीय उत्पादनका विषयमा किसानलाई आवश्यक प्राविधिक ज्ञान प्रदान गरिरहेका छौं ।' व्यावसायिक अलैंचीखेतीमा लागेका किसानको समस्या खोजी गर्न भोजपुरको टेम्केमैयुङ



गाउँपालिका-५ चोलन्तीमा कार्यक्रम सञ्चालन गरिएको उनले उल्लेख गरे ।

यहाँका किसानको बगानमा पुगेर प्रयोगात्मक रूपमा अलैंचीमा देखिएका रोग र सङ्क्रमण पत्ता लगाउने, समस्या पहिचानसहित समाधानका विकल्पलगायत विषयमा प्रत्यक्ष साक्षत्कार गरिएको नेपाल अलैंची व्यावसायिक महासंघका अध्यक्ष निर्मल भण्डारीले जानकारी दिए ।

पछिल्लो समय अलैंचीमा विभिन्न रोग लागेर उत्पादनमा ह्रास आएकाले बगानमा पुगेर किसानलाई आवश्यक प्राविधिक ज्ञान प्रदान गर्न कार्यक्रम सञ्चालन गरिएको अध्यक्ष भण्डारीले बताए । यो कार्यक्रमअन्तर्गत अलैंची बढी उत्पादन हुने कोशी प्रदेशका नौ जिल्लाका किसानका बगानमा पुग्ने अभियान रहेको उनले जानकारी दिए ।

'पछिल्लो समय अलैंचीमा विभिन्न समस्या देखिरहेका छन्', अध्यक्ष भण्डारीले भने, 'जसका कारण धेरै किसानका बगान नष्ट भएका छन् । किसानलाई स्थलगत रूपमा आवश्यक ज्ञान प्रदान गर्न हामीले कार्यक्रम सञ्चालन गरिरहेका छौं ।'

स्थलगत अनुगमनका क्रममा किसानले विस्तार गरेका बगानमा विभिन्न रोगको सङ्क्रमण र उपचार विधिका विषयमा आवश्यक जानकारी प्रदान गरिएको अलैंची विकास केन्द्र इलामका प्राविधिक दिलबहादुर श्रेष्ठले जानकारी दिए । बगान अनुगमनका क्रममा बोट सुक्ने, गानो कुहिनेलगायत रोग बढी मात्रामा देखिएको उनको भनाइ छ ।

'किसानको बगानलाई लक्षित गरी रोग र उपचारको पद्दतिका बारेमा ज्ञान दिएका छौँ', उनले भने, 'किसानमा रोगको सङ्क्रमण, उपचार विधि, सङ्क्रमण रोकथामलगायत विषयमा जानकारी नुहँदा पनि समस्या भएको पाएपछि उत्पादन बढाउन र किसानलाई प्रोत्साहन गर्न प्राविधिक ज्ञानसहित आवश्यक जानकारी दिइरहेका छौं ।'

अलैंचीमा देखिएका समस्या र समाधानका विषयमा जानकारी दिन र किसानलाई खेतीमा आकर्षित गर्न कार्यक्रम सञ्चालन गरिएको जिल्लास्थित कृषि ज्ञान केन्द्रका प्रमुख मुकेशकुमार यादवले बताए । 'अलैंचीमा जीवाणु र ढुसीजन्य रोगको सङ्क्रमण बढी मात्रा देखिएको छ । समस्या समाधान किसान आफैंले गर्न सकुन् भनेर अभियान सञ्चालन गरिएको हो', उनले भने ।

अलैंची व्यवसायी संघ जिल्ला शाखाका अध्यक्ष राजेश विष्टले जिल्लाका किसानको आम्दानीको स्रोत बढाउन, उत्पादन वृद्धि गर्न अभियान सञ्चालन गरिएको बताए । 'यहाँका धेरै किसानले अलैंचीको व्यावसायिक खेती गरिरहेका छन्', उनले भने, 'आवश्यक प्राविधिक ज्ञान नहुँदा किसानले विभिन्न समस्या भोग्दै आएकाले समाधानका उपायसहित प्राविधिक र बजारीकरणमा समन्वय गर्न कार्यक्रम गरिरहेका छौं ।'

गाउँपालिकाका किसानको आम्दानीको प्रमुख स्रोतका रूपमा अलैंची रहेकाले यसको विकास तथा विस्तारमा जोड दिइएको गाउँपालिकाका अध्यक्ष सरोज बस्नेतले बताए । किसानले गुणस्तरीय उत्पादनमा जोड दिन तथा व्यवसायलाई निरन्तरता दिन सकुन् भनेर नगरपालिकाले पहल गरिरहेको उनको भनाइ छ ।

विभिन्न रोगसँगै मूल्यमा स्थिरता नभएकाले समस्या हुने गरेको टेम्केमैयुङ-५ चोलन्तीका किसान चक्रबहादुर विष्टले बताए । राज्यको तहबाट बजारीकरणसँगै अलैंची किसानका लागि दक्ष प्राविधिक, उन्नत जातको बिरुवा वितरण र माटो परीक्षणमा सहयोग गर्न आवश्यक रहेकामा उनले जोड दिए । *रासस*

# नीतिगत स्थायित्वसहित कानुन कार्यान्वयनमा महासंघको जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघले सरकारलाई आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममा समेट्नुपर्ने सुझाव सरकारलाई बुझाएको छ । महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले बुधबार उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीलाई भेटेर यी सुझाव दिएका हुन् ।

कानुनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नियमावली निर्माण र कार्यान्वयन सुनिश्चित गरिनुपर्ने, नीतिगत सुधारको सकारात्मक संकेत देखिए पनि त्यसको प्रभावकारी कार्यान्वयन सुनिश्चितता हुनुपर्ने भन्दै महासंघले ध्यानाकर्षण गराएको छ ।

यस्तै, व्यवसाय दर्ता, नवीकरण, कर भुक्तानी तथा खारेजी प्रक्रियामा प्रविधिको अधिकतम प्रयोग गर्नुपर्ने सुझाव र नागरिक एपमा 'बिजनेस आइकन' राखी सम्पूर्ण व्यावसायिक सेवा 'अनलाइन' माध्यमबाट प्रदान गर्नुपर्ने प्रस्ताव महासंघले अघि सारेको छ । साथै, सरकारी सेवा प्रणालीलाई 'स्मार्ट' सेवा अवधारणाअन्तर्गत अधिक प्रभावकारी बनाउनुपर्ने, विदेशी लगानी प्रवर्द्धनका लागि फरक नीति अवलम्बन गरिनुपर्ने सुझाव पनि महासंघले दिएको छ । 'नेपालमा विदेशी लगानी कुल गार्हस्थ्य उत्पादनको शून्य दशमलव दुई प्रतिशतमा सीमित भएकाले यसलाई बढाउन विशेष लगानी अभियान सञ्चालन गरिनुपर्छ । लगानी बोर्डको कार्यालय र उद्योग विभागलाई गाभेर पुनःसंरचना तथा एकल विन्दु सेवा केन्द्रलाई पूर्ण रूपमा कार्यान्वयन गरिनुपर्छ', महासंघको सुझावमा भनिएको छ । लगानीकर्ताले एकमुष्ट रूपमा आवश्यक कागजातहरू बुझाएपछि अन्य कार्यालयहरू धाउन नपर्ने व्यवस्था हुनुपर्ने उसको माग छ ।

यस्तै, बैंकिङ प्रणालीमा सुधार आवश्यक रहेको विषय पनि महासंघले औंल्याएको छ । 'नेपालको बैंकिङ प्रणालीमा हाल करिब रु छ खर्ब लगानीयोग्य रकम रहेको भए पनि लगानीको गति सुस्त छ । पछिल्ला तीन महिनामा ब्याजदर तीन प्रतिशतले घटे पनि लगानी प्रवाह प्रभावकारी हुन सकेको छैन', सुझावमा भनिएको छ, 'नेपाल राष्ट्र बैंकले दुई वर्षअघि ल्याएको चालु पुँजी कर्जा मार्गदर्शन पुनरावलोकन गरी यो नीतिलाई कम्तीमा दुई वर्षका लागि स्थगित गरिनुपर्छ ।'

महासंघले नेपाली कृषिजन्य उत्पादन तथा पानी खाडी मुलुकहरूमा निर्यात प्रवर्द्धनका लागि तत्काल नीति ल्याउनुपर्ने सुझाव दिएको छ । नेपालबाट मध्यपूर्वका लागि दैनिक १२ वटा उडानहरू हुने भएकाले तिनको उपयोग गरी निर्यात प्रवर्द्धन गर्न एयरपोर्टमा शीत भण्डार (कोल्ड स्टोरेज), एक्स-रे मेसिन तथा वेयरहाउस सुविधा स्थापना गर्नुपर्ने महासंघले प्रस्ताव राखेको छ ।

उत्पादनमूलक उद्योगहरूलाई प्रवर्द्धन गर्न लाग्दै आएको करलाई क्रमशः घटाउँदै पाँच वर्षमा पाँच प्रतिशतले कमी गर्नुपर्ने पनि महासंघको सुझाव छ । यस्तै, आयकरका दर घटाउने तथा कर छुटको सीमा बढाउने विषयमा पनि महासंघले जोड दिएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ